वर्ष : १७, अंक : ३७, काठमाडौं, २०७८ पुस १६ गते शुक्रबार, 31 December 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# किसानको नाममा राजनीतिको रोटी सेक्दै सीके राउत ?

## मधेशभरि आन्दोलन, अवज्ञा गर्नेलाई जनकारबाही गर्ने सीके राउतको चेतावनी

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७५ साल फागुन २४ गते शान्तिपूर्ण मूलधारको राजनीतिमा आएको डा. सिके राउत नेतृत्वको जनमत पार्टी पछिल्लो समय अराजक बन्दै गएको छ । छुट्टै मधेशको माग राख्दै आएको जनमत पार्टीले सिरहामा किसानका विभिन्न मुद्दा देखाउँदै अराजकता रुपले प्रस्तुत भएको हो ।



नेकपा एमालेका अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले हिंसा त्यागेर शान्तिपूर्ण राजनीतिमा आएका राउतलाई नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको संज्ञा दिँदै आफ्नो कार्यकाललाई उपलब्धीपूर्ण मानेका थिए । तर, तीन वर्ष पनि बित्न नपाउँदै राउतको नेतृत्वमा जनमत पार्टी प्रदेश २ मा किसान आन्दोलनको आवरणमा अराजक रुप देखाएको छ ।

जनमत पार्टीले सिरहामा विगत केही दिनदेखि आमहड्ताल गर्‍यो । उसले बिहीबार र शुक्रबार दुई दिन मधेशमा आम हडताल गरेको छ । सिरहाको औरही गाउँपालिकाको गोदाममा राखिएको गहुँको बिउ लुटेको आरोपमा प्रहरीले एक जना किसानलाई पक्राउ गरेपछि उक्त आन्दोलनको नेतृत्व राउत नेतृत्वको जनमत पार्टीले गरिरहेको छ । एक सय बोरा गहुँ चोरेको आरोपमा जिल्ला प्रहरी कार्यालय सिरहाले स्थानीय किसान कारिराम यादवलाई पक्राउ गरी रिहा गरेको छ । आन्दोलनका क्रममा गिरफ्तार गरिएका जनमत पार्टीका नेता तथा कार्यकर्तालाई प्रशासनले छाडिसकेको छ । जिल्ला प्रशासनले लगाएको निषेधाज्ञा पनि हटाइसकेको छ तर जनमत पार्टीका नेताहरुले आन्दोलनलाई निरन्तरता दिएका छन् ।

कर्मचारीले वितरणमा ढिलाई र बदमासी गरेको भन्दै औरही गाउँपालिका ३ का किसानले बाँड्न राखेको १०० बोरा गहुँको बिउ आफैं झिकेर लगेका थिए । गहुँ छर्ने समय भइसक्दा पनि बिउ नपाएको भन्दै किसान रुष्ट थिए । किसान पक्राउको विरोधमा आक्रोशित स्थानीयले सिरहामा पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरे । आमहड्तालमा सवारी सञ्चालन गरेको भन्दै सिके राउतका कार्यकर्ताहरुले सवारी साधनमा तोडफोड र आगजनी गरे ।

डा.राउतले आन्दोलनको उल्लंघन गर्ने र दादागिरी देखाउनेलाई कारबाही गर्ने चेतावनी दिए ।

राउतले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, विप्लव नेतृत्वको नेकपा, जनता समाजवादी पार्टीहरुतर्फ संकेत गर्दै प्लेन अपहरण, टाउको काट्दै हिँड्ने, १७ हजार मान्छे मार्ने, ५ महिना नाकाबंदी गरेर पूरा मधेश तहसनहस बनाउने, दर्जनका दर्जन गाडीमा आगो लगाउने, गौरनरसंहार गरी २७ जनाको निर्मम हत्या गर्ने, दर्जनौं प्रहरी चौकीमा आगो लगाउनेहरूले किसानहरूलाई प्रवचन नदिन चेतावनी दिए ।

राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताहरुले किसानका दिर्घकालिन समस्या समाधानको माग गर्दै आन्दोलन गरेको जनाएको छ ।

शान्तिपूर्ण राजनीतिमा आउनुअगाडि राउत लामो समयदेखि मधेसलाई नेपालबाट छुट्याउनुपर्ने अभियानमा थिए । मधेशलाई राज्यले दमन गरेको भन्दै उनले मधेशमा छुट्टै सेना हुनुपर्ने समेत बताउँदै आएका थिए । शान्तिपूर्ण राजनीतिमा आएका राउतले आफूहरु बुद्धका सन्तान भएको भन्दै अहिंसा शरीरभित्र अन्तरनिहित रहेको बताएका थिए ।

सिके राउतले किसानका मुद्दा जोडतोडका साथ उठाइरहेका छन् । सामाजिक सञ्जालमार्फत राउतले मलखाद, बीउबिजन अभावको, उखु किसानहरूको भुक्तानी, निःशुल्क कृषि विद्युत आपूर्ति, हावाहुरी र वर्षाका कारण क्षति भएका बालीनाली वापत् क्षतिपूर्ती, बाली वीमा स्वतः हुने प्रावधान कायम गर्दै बाली क्षति भएमा क्षतिपूर्ती र पक्राउ परेका किसानको रिहाईको मुद्दा उठाउँदै किसानहरुलाई जागरुक बनाउँदै आएका छन् ।

जनमत पार्टीले आन्दोलनलाई व्यापक बनाउन कोष नै खडा गरेको छ । पार्टीले दीर्घकालीन् वृहत् आन्दोलनतिर जाने देखिएकोले 'आन्दोलन तथा निर्वाचन' कोष खडा गरेको हो ।

पार्टीका महासचिव चन्दन सिंहले आन्दोलन र निर्वाचनका लागि पैसाको जरुरी पर्ने देखिएकाले सहयोग गर्न नागरिकसँग आग्रह गरेका छन् ।

स्वतन्त्र मधेशका लागि आन्दोलन गरेर असफल भइसकेका राउत अब दबाब र तनावको राजनीति गरेर अरु दलजस्तै

*बाँकी अन्तिम पृष्ठमा*




## प्रदेश २ को पदाधिकारीमा पनि निधिको पत्तासाफ

जनकपुरधाम । नेपाली कांग्रेस प्रदेश २ को पदाधिकारीमा संस्थापन पक्षले 'क्लिन स्वीप' गरेको छ । सभापतिमा निर्वाचित कृष्णप्रसाद यादव संस्थापन पक्षकै हुन् । कृष्णकै प्यानलबाट दुई जना उप सभापति, दुई जना महामन्त्री, दुई जना सहमहामन्त्री र एक जना महिला महामन्त्री निर्वाचित भएका छन् ।



पदाधिकारीको शुक्रबार राति आएको अन्तिम मत परिणाम अनुसार उपसभापतिमा संस्थापन पक्षका वीरेन्द्र सिंह र चन्द्रशेखर कुमार यादव निर्वाचित भएका छन् । सिंहले १ हजार १९ र चन्द्रशेखरले ८ सय ९५ मत ल्याए । उप सभापतिमा निर्वाचित सिंह प्रदेश २ को महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्री पनि हुन् ।

उपसभापति पदमा संस्थापन इतर प्यानलका धनलाल ठोकरले ६ सय ३६ मत ल्याए भने बिनोद कुमार खनालले ७४० मत ल्याए । अर्का उम्मेदबार रामाधर प्रसाद यादवले १ सय २४ मत पाए । महामन्त्रीमा संस्थापन पक्षका उपेन्द्रकुमार यादव र बृहस्पतिकृष्ण श्रेष्ठ निर्वाचित भएका छन् । उपेन्द्रले ९५९ मत ल्याएर तथा श्रेष्ठले ७८८ मत ल्याएर विजयी भए ।

संस्थापन इतरका उम्मेदबार नरेश यादवले ७७५, हरेश प्रसाद महतोले ७०३ मत पाए भने प्यानलबाहिर उम्मेदबारी दिएका विनोद चौधरीले १९५ मत पाए ।

सहमहामन्त्रीमा संस्थापन पक्षका पर्शुराम चौधरी र जयनारायण यादव निर्वाचित भएका छन् । चौधरीले ८२२ मत ल्याएर तथा यादव ८७९ मत ल्याएर विजयी भए ।

संस्थापन इतरका नारायण चौधरीले ६०१ मत र विनोद यादवले ६९१ मत पाए । अर्का उम्मेदबार अरबिन्द अमात्यले २५७ मत र रामनारायण महासेठले ९७ मत पाए ।

सहमहामन्त्रीमा निर्वाचित चौधरी सप्तरीको अग्निसाइर कृष्णासावरण गाउँपालिकाका अध्यक्षसमेत हुन् ।

महिला सहमहामन्त्री पदमा संस्थापन पक्षकै बिन्दु यादव निर्वाचित भएकी छन् । तीन जना प्रतिस्पर्धीलाई पछि पार्दै उनी निर्वाचित भएकी हुन् । ८८९ मत ल्याएर उनी निर्वाचित हुँदा भीमादेवी शर्माले ५३२, रीता यादवले १५६ र रेखादेवी महराले ७६ मत पाइन् ।

यसअघि बिहान सभापतिको अन्तिम मत परिणाम आउँदा पार्टीको प्रदेश सभापतिमा कृष्णाप्रसाद यादव निर्वाचित भएका थिए । ९७६ मत ल्याएर कृष्णा निर्वाचित हुँदा अर्का उम्मेदबार रामसरोज यादवले ८५५ मत ल्याएका थिए ।

पदाधिकारीको मतगणना सकिएपछि अब सदस्यको गणना गरिने निर्वाचन समितिले जनाएको छ ।

## प्रदेश २ को नाम र राजधानी टुंग्याउन सभामुखको सभापतित्वमा समिति गठन

जनकपुरधाम । प्रदेश नं. २ को नाम र राजधानी टुंगो लगाउन सभामुख सरोजकुमार यादवको सभापतित्वमा १६ सदस्यीय समिति गठन भएको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा 'राजधानी तथा नामकरणसम्बन्धी अध्ययन विशेष समिति-२०७८' गठन गरिएको हो ।

दलीय सहमतिका अधारमा गठन गरिएको समितिको कार्यावधि १५ दिन तोकिएको छ । समितिले आवश्यक परे स्थलगत भ्रमण तथा अन्तरक्रिया र छलफल पनि गर्न सक्ने सभामुख यादवले बताए । समितिले १५ दिनभित्र प्रतिवेदन तयार पार्नुपर्नेछ । सोही प्रतिवेदनका आधारमा प्रदेशसभाबाट नाम र राजधानी तय गरिनेछ । सहमति नजुटे प्रदेशसभामा निर्वाचन प्रक्रियाबाट नाम र राजधानी तय हुने बताइएको छ ।

यसअघि, दुईपटक नाम र राजधानीको प्रस्ताव दुईतिहाइ नपुग्दा असफल भएको थियो ।

समितिका उपभापति उपसभामुख उपमा देव, उपेन्द्रप्रसाद कुशवाहा र सदस्यहरुमा किशोरी साह (कमल), जगतप्रसाद यादव, दिलीपकुमार साह, परमेश्वर साह, विन्देश्वरप्रसाद यादव, शत्रुधन महतो, शारदादेवी, शिवचन्द्र चौधरी, शैलेन्द्रकुमार यादव, सञ्जयकुमार यादव, सावित्रीदेवी साह, सुन्दरबहादुर विश्वकर्मा र सुरीता साह रहेका छन् ।

## ठाकुरले निर्णय पुनरावलोकन नगर्ने, असन्तुष्टहरू विद्रोह गर्ने

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रदेश र जिल्ला अध्यक्ष मनोनयनको विषयमा गरिएको निर्णय पुनरावलोकन नहुने अध्यक्ष महन्थ ठाकुरले बताएका छन् । असन्तुष्ट नेताहरुलाई अध्यक्ष महन्थ ठाकुरले बुधबार आफ्नै निवासमा बोलाएका थिए ।

अध्यक्ष ठाकुरले प्रदेश र जिल्ला अध्यक्ष मनोनयनबारे पुनरावलोकन नहुने बताएपछि आफूहरु विद्रोह गर्ने लोसपा नेता तथा हिन्दी भाषा अभियानी रमन पाण्डेयले मधेशवाणीलाई बताए ।

नेता पाण्डेयले मधेशवाणीलाई भने, 'अध्यक्ष ठाकुरले निर्णय पुनरावलोकन नहुने बताउनुभएको



छ । तर हामीलाई निर्णय मान्य छैन । हामी पार्टीभित्र विद्रोह गर्छौं ।'

पार्टी भनेको लोकतान्त्रिक विधि र प्रक्रियाबाट चल्नुपर्ने बताउँदै नेता पाण्डेयले भने, 'पार्टीको नाम लोकतान्त्रिक राखेर हुँदैन, सो प्रकारको विधि र पद्धति पनि अपनाउनुपर्छ ।'

मधेशको राजनीतिमा आफ्नो जीवन समर्पण गरिसकेको बताउँदै नेता पाण्डेयले भने, 'हामी पार्टी बनाउनका लागि दिनरात लागेका छौं तर अध्यक्षको यस्तो निर्णयले हामी अत्यन्त मर्माहत भएका छौं ।'

असन्तुष्टहरुले प्रदेश र जिल्ला अध्यक्षको मनोनयनलाई सच्याउन माग गरेका थिए । लोसपाको प्रदेश अध्यक्ष र जिल्लाहरु मनोनयनप्रति असन्तुष्टि जनाउँदै जिल्ला-जिल्लाबाट नेताहरु काठमाडौं आएर केन्द्रीय कार्यालयमा धर्ना दिएका थिए ।

## रेशम चौधरी नागरिक समाजवादी पार्टी दर्ता गर्दै

काठमाडौं । निलम्बित सांसद रेशमलाल चौधरीले नयाँ दल दर्ता गर्ने भएका छन् । उनले पुष १९ गते नागरिक समाजवादी पार्टी नामक नयाँ दल दर्ता गर्न लागेका हुन् । पार्टीको चुनाव चिन्ह ढकिया राखिएको छ । चौधरी अहिले कर्तव्य ज्यान मुद्दामा डिल्लीबजार कारागारमा छन् ।



थरूहट क्षेत्रलाई आधारभूमि बनाएर चौधरीले नयाँ दल दर्ता गर्ने तयारी गरेका हुन् । २०१ जनाको केन्द्रीय सदस्य रहने गरी निर्वाचन आयोगमा दल दर्ता गर्न लागिएको हो । दलमा थारु र पहाडीहरु सबैलाई समावेशी गरिने जनाईएको छ ।

## मधेशकै कृषि मन्त्री तर मधेशकै किसान पीडित

काठमाडौं । जसपाका नेता महेन्द्र राय यादव अहिले संघीय सरकारका कृषीमन्त्री छन् । मधेशका किसानले समयमा मल नपाइरहँदा उनीहरु राज्यसँग गुहार माग्यामाग्यै छन् । किसानले खेतमा समयमा मल हाल्न नपाउँदा उनीहरुले लगाएको बाली नष्ट मात्रै हुने छैन, वर्ष भरीको श्रम र पसिना पनि खेर जानेछ । त्यतिमात्र होइन, उनीहरुलाई घर परिवार चलाउन पनि गाह्रो हुनेछ । किसानको यो तीतो यर्थाथ बुझिदिने एक मात्र पात्र कृषी मन्त्री हुन तर के देखिएको छ भने राज्य कृषीमन्त्रीविहीन अवस्थामा छ ।

अहिले मधेशका किसानलाई मल नभइ हुँदैन । मल नभई धान र गहुँ बाली सप्रिन सक्दैन । यसमा सरकारी निकायले कहिल्यै हेक्का राख्न सकेनन् । अहिले तत्काल आवश्यक पर्ने गहुँ बालीलाई कम्तीमा ६० हजार मेट्रिकटन डीएपीको माग छ । सरकारसँग यो मलको एक गेडा जगेडा छैन । जे-जसरी हुन्छ, ल्याएर-जुटाएर किसानलाई मल उपलब्ध गराउनु सरकारको प्रमुख दायित्व हो । त्यमा पनि कृषीमन्त्रीको जिम्मेवारी ठूलो हो । तर जब जिम्मेवार व्यक्ति नै गैरजिम्मेवार बन्छ, तब जनताले दुःख सिवाय केही पाउँदैन ।

मुलुकको अर्थ व्यवस्थाको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा धान र गहुँबालीले महत्वपूर्ण भूमिका राख्दै आएको छ । तर, रासायनिक मल अभावमा बेलैमा धान र गहुँ रोप्न किसानले कुनै समय पाएका छैनन् । यसबाट मुलुकको अर्थव्यवस्थामै असर पर्छ । यति गम्भीर समस्या नबुझ्ने व्यक्ति कसरी कृषी मन्त्रालय चलाइरहेका छन् ।

मुलुकमा वार्षिक ५ लाख मेट्रिक टन मल आवश्यक पर्छ । गहुँ र तरकारीका लागि यो सिजनमा मात्रै एक लाख ३० हजार टन रासायनिक मलको माग छ, तर सरकारी गोदाममा १५ हजार टनमात्रै मौज्दात छ । चालू वर्षका लागि ३ लाख ९ हजार टन खरिदको स्वीकृति भए पनि २ लाख ३२ हजार टन आउने टुंगो छैन । कृषी मन्त्रालयका अनुसार गहुँ र व्यावसायिक तरकारी खेतीका लागि यो सिजनमा ६० हजार टन डीएपी र ७० हजार टन युरिया गरी कुल १ लाख ३० हजार टन मलको माग छ । यो माग कात्तिकदेखि माघसम्मका लागि मात्र हो ।

चालू आर्थिक वर्षमा रासायनिक मल खरिदका लागि सरकारले १५ अर्ब अनुदान उपलब्ध गराउने बजेटमै घोषणा गरेको थियो । कृषि मन्त्रालयले यो बजेटबाट ३ लाख ९ हजार टन मल खरिद गर्न सक्ने आकलन गरी कृषि सामग्रीलाई २ लाख ९ हजार टन र साल्ट ट्रेडिङलाई एक लाख टन खरिदको स्वीकृति दिएको थियो ।

मलको अभाव यसवर्ष मात्रै होइन, प्रत्येक वर्ष देखिने गर्दछ । किसानहरुले जसोतसो बाली लगाएपछि त्यसलाई हुर्काउने समयमा मलको हाहाकार हुने गर्दछ । यो क्रम यसपालि पनि दोहोरिएको छ ।

टेन्डर प्रक्रियाबाट मल नआउँदा अप्ठ्यारोमा परेका किसानलाई वितरण गर्न भारतबाट 'जिटुजी' प्रक्रियामा मल ल्याउने प्रारम्भिक समझदारी भएको थियो । तर, उक्त मल भित्रने प्रक्रिया पनि अनिश्चित भएको छ । गत १८ भदौमा दुवै देशका कृषि सचिवको संयोजकत्वमा भएको बैठकले दुवै देशको मन्त्रिपरिषद्बाट निर्णय गराई वार्षिक दुई लाख टन मल कोटामा भारतले उपलब्ध गराउने सहमति भएको थियो तर, ठोस निर्णय भएको छैन ।

सिरहाका अधिकांश किसान मलका लागि दक्षिणी सीमावर्ती भारतीय बजारमा आश्रित हुनुपरेको छ । अघिल्ला वर्ष पनि त्यस्तै अवस्था थियो, अहिले पनि उस्तै छ ।

भारतीय बजारबाट मल ल्याउन पनि जोखिमपूर्ण छ । सुरक्षाकर्मीले नियन्त्रणमा लिने, कुटपिट गर्ने र दुर्व्यवहार गर्छन् । तैपनि, किसानले लुकीचोरी भारतीय बजारको भर पर्नुको विकल्प छैन किसानले हरेक वर्ष यस्तो सास्ती खेप्नुपरे पनि मलको व्यवस्थापन हुन सकेको छैन ।

मल नपाएपछि सप्तरीका किसान त आन्दोलनमै उत्रिए ।सडकमा उत्रिएका किसानले सरकारविरुद्ध नारा लगाउँदै तत्काल मलको व्यवस्था गर्न माग गरे । तीनवटै तहका सरकारले आफूहरूको समस्याप्रति चासो नदेखाएपछि आन्दोलनमा उत्रिनुबाहेकको विकल्प नरहेको किसानहरूको भनाइ छ ।

किसानको दबाब पछि १८ वटा स्थानीय तहमा तीन सय ७५ बोरा युरिया, तीन सय ४४ बोरा डिएपी पठाइयो । महोत्तरीका लागि युरिया पाँच हजार चार सय १९ मेट्रिक टन, डिएपी तीन हजार एक सय ६१ मेट्रिक टन र पोटास चार सय ५१ मेट्रिक टन कोटा निर्धारण गरेको थियो तर, सबै मल आएको छैन/ । जसका कारण किसानले घन्टौं लाइन लाग्दा पनि पाइरहेका छैनन् ।

केही किसानले भने सहुलियतको मल महँगो मूल्यमा बिक्री भइरहेको गुनासोसमेत गरेका छन् । महोत्तरीमा खेतीयोग्य ६७ प्रतिशत जमिनमध्ये ६४ प्रतिशतमा खेती हुँदै आएको छ ।

# सम्पादकीय

## मधेशी किसानको रोदन कसले सुन्ने ?

भनिन्छ नेपाल कृषिप्रधान देश हो तर यहाँ कृषि पेशामा आधारित जनजीविका चलाइरहेकाहरुको समस्या कसैले सुन्दैन । तर जब-जब किसानलाई बालीमा लगाउने मल चाहिन्छ सधैं अभाव नै हुन्छ । यो नेपालका किसानले भोग्दै आएको पुरानै समस्या हो । कृषि प्रधान मुलुकमा मलकै अभावले किसान रोइरहेका छन् । अहिले गहुँ छर्ने समय हो तर किसानलाई डीएपी मल छैन । जुनै सुकै पार्टीको नेतृत्वमा सरकार बने पनि किसानका यी समाधान गर्न गर्न सकेको छैन । बाली हुर्काउन र उत्पादन वृद्धि गर्न अति आवश्यक पर्ने डीएपी र युरिया मल कतै नपाइएको देशभरका किसानको गुनासो छ ।

मौसमले साथ दिए पनि समयमा किसानले मल पाएनन् भने न त धान उत्पादन हुन्छ, न गहुँ नै । यस्तै कारणले मुलुक खाद्यान्नमा आत्मनिर्भर बन्न नसकेको हो । मधेशको सन्दर्भमा किसानहरु अहिले गहुँमा पानी पटाइरहेका छन् । खेतमा मसुरोले अब विस्तार धरतीलाई छोप्दै भने तोरीले खेत पहेंलपुर भएको छ । खेतमा जाँदा किसानको मन हरियो हुन्छ । तर गहुँको खेतमा पानी पटाइरहेका किसानले गहुँको उत्पादनलाई अझ राम्रो बनाउन आवश्यक मलखाद पाउन सकेका छैनन् । मलखाद नहुँदा किसान छटपटिरहेका छन् । बजारमा मलको अभाव छ । मलको अभाव हुँदा किसानले गहुँबाली अपेक्षा गरेको जस्तो नहुने भन्ने चिन्ता व्यक्त गर्न थालेका छन् ।

किसानले आफ्नो श्रम र पसिना खेतीमा लगानी गर्छन् । मधेशका कतिपय किसानको खेतीपातीबाटै जीवन निर्वाहमुखी रहेको छ । तर समयमा सिंचाइ र मलखाद पाउँदैनन तब उनीहरुको मन रुन्छ ।

**खेतीपातीको सिजनमै मल नपाएपछि किसान चिन्तित हुँदा मधेशबाट कृषिमन्त्री बनेका यादवको मन रुन्छ कि रुँदैन ? मन्त्री यादवले हेक्का राख्नुपर्छ कि किसानहरूले भोगेको यो चोट सानो होइन । खेतमा पाकिसकेको बाली गुमाउनुपर्दा किसानहरूको पीडा मन्त्री यादवले महसुस गर्लान् ?**

खेतीको समयमा मलखादको समस्या हुनु किसानको दृष्टिकोणले ठूलो हो । हरेक वर्ष जब समस्या आउँछ तब त्यत्ति बेला यसको खुब चर्चामा हुन्छ र तत्काल समाधान भएपछि फेरि बिर्सने गर्दछौं । समस्याको स्थायी समाधानको उपाय गर्नतिर राज्यले ध्यानै दिदैंन । कहिले आयातमा समस्या त कहिले वितरणको समस्याबाट पनि किसना पीडित छन् ।

कृषि सामग्री कम्पनी लिमिटेडका अनुसार गहुँबालीका लागि ६० हजार मेट्रिक टन डीएपी मलको आवश्यकता छ । सरकारसँग मौज्दात १५ हजार मेट्रिक टन मात्रै छ। १० हजार मेट्रिक टन विदेशबाट आउने भनिएको छ तर कहिले आउने ठेगान छैन । मल आइपुगे पनि यो वर्ष २५ हजार मेट्रिक टन मात्र मल किसानले पाउनेछन् । किसानले मागको आधा पनि मल नपाउने अवस्था छ ।

सरकारले किसानलाई आवश्यक मल उपलब्ध गराउन नसक्नु उसको निकम्मापन हो । कृषिमन्त्री महेन्द्रराय यादव मधेशी जनताकै मतबाट निर्वाचित छन् । उनको पार्टी जसपाले मधेशकै मुद्दामा राजनीति गर्छ तर जब जब मधेशी जनतालाई समस्या पर्छ, त्यति बेला उनीहरुको बोली र व्यवहार परिवर्तन हुन्छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेका कारण पर्याप्तमात्रामा मल खरिद गर्न नसकिएको भनेर कृषिमन्त्री यादव पन्छिदै गएका छन् तर उनीसँग किसानको मार्का समाधान गर्ने भन्ने कुनै ठोस योजना भने छैन ।

खेतीपातीको सिजनमै मल नपाएपछि किसान चिन्तित हुँदा मधेशबाट कृषिमन्त्री बनेका यादवको मन रुन्छ कि रुँदैन ? मन्त्री यादवले हेक्का राख्नुपर्छ कि किसानहरूले भोगेको यो चोट सानो होइन । खेतमा पाकिसकेको बाली गुमाउनुपर्दा किसानहरू पीडा मन्त्री यादवले महसुस गर्लान? किसानलाई समयमा मल उपलब्ध गराउन नसकेपछि के कृषीमन्त्रीले किसानका लागि राहत कार्यक्रमको घोषणा गर्न सक्छन्? यस्तो परिस्थितिमा मधेशका किसानहरूले आफूहरूका निम्ति राज्य, सरकार तथा मधेशी कृषी मन्त्रीको उपस्थिति महसुस गर्लान् त? यी यक्ष प्रश्नको जबाब मधेशको मतबाट मन्त्री बनेका यादवले दिनुपर्छ ।

# देशको नीति, राजनीति तथा आर्थिक अवस्था

**विचार-विश्लेषण** भाग-११४



उपेन्द्र झा

**उत्पादनको मुख्यक्षेत्र कृषि हो । ८५ प्रतिशत जनसंख्यालाई कुनै बेला रोजगार दिएर राखेको कृषिक्षेत्र धान, चामल निर्यात गर्न ख्याति प्राप्त गरेको थियो । त्यही कृषि अहिले अर्बौंको चामल आयात गर्ने अवस्थामा पुगेको छ । जीडीपीमा ३४ प्रतिशत योगदान गर्ने कृषि अहिले २५ प्रतिशतमा झरेको छ । निर्वाहमुखी पनि बन्न नसकेको कृषिक्षेत्रमा उत्पादन बढाउन गरिएको लगानीको प्रतिफल शून्यको स्थितिमा यसको सुधारको जिम्मेवार को ?**

०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि लोकतान्त्रिक सरकारले आर्थिक उन्नतीका लागि उदार अर्थनीति ल्याएर देश र जनताको भविष्य पुर्ववर्ती शासनकालभन्दा बेहतर बनाउने प्रतिबद्धता जाहेर गरेको थियो । नयाँ नयाँ उद्योग लगाउन भारतबाट धैरै उद्योगपतिहरुलाई आमन्त्रण पनि गरियो । सरकारी नीति कार्यान्वयनमा अवरोधको रुपमा देखा पर्ने जडसूत्रवादी कर्मचारीहरुको पजनी पनि गरियो । कतिपय उद्योगहरु संचालनमा आए । तर प्रगतिशील विचारको कसरत धैरै दिन चल्न सकेन । विस्तारै अर्थतन्त्रको गाडी पुरानै लीकमा कछुवाको चालमा हिंड्न थाल्यो । लोकतान्त्रिक सरकारले लिएको देशको उन्नती प्रगतिको अवधारणा विस्तारै पानामा सीमित हुन पुग्यो । देशको अर्थतन्त्र प्रगतिको बाटोमा अग्रसर हुन सकेन ।

संयुक्त राष्ट्रसंघको महासभाको ७६औं सत्रको ४०औं बैठकले सन् २०२६ देखि नेपाललाई विकासशील देशको सुचीमा सूचीकृत गर्न अनुमोदन गरेको छ । यस अवधिसम्म नेपालले आफ्नो अर्थतन्त्रमा संरचनात्मक सुधार गर्नु पर्ने भनिएको छ । आगामी ५ वर्ष दिएको समयसीमामा उद्योगधन्धा, उत्पादन बृद्धि र आर्थिक परिसूचकलाई प्रगतिशील बनाउन कति कडा मिहिनेत गर्नु पर्नेछ । धैरै ठूलो चुनौतीको विषय हो ।प्रणालीभित्र आर्थिक अनियमितताले जरा गाडेर बसेको अवस्थामा आर्थिक रुपान्तरणको कार्यभार पूरा गर्न कठीन नै देखिएको छ । आर्थिक क्षेत्रमा बढि रहेको विकृति र अर्थ व्यवस्थाले भोगि रहेको दयनीयताको पीडा हेर्दा सरकारको नीति र राजनीति अर्थतन्त्रप्रति उदासीन रहेको प्रष्ट हुन्छ ।

आयात निर्यात र व्यापार घाटाले अर्थतन्त्रको अवस्था कस्तो रहेको मूल्याँकन गर्दछ । असोजमा ४ खर्ब ७९ अर्बको, कार्तिक महिनामा ६ खर्ब ५० अर्बको र मंसीर महिनामा ८ खर्ब बढिको आयात भएको छ । आयातको यही दर कायम रह्यो भने वर्षभरिमा आयात २० खर्ब पुग्न सक्ने देखिन्छ । हालाँकि अहिले केही वस्तुमा नेपाल राष्ट्र बैंकले आयात गर्न रोक लगाएको छ । आर्थिक परिसूचकहरु सबै एक अर्कासंग सम्बन्धित रहेकोले यसको नकारात्मक असर पनि देखिएको छ । आयातमा सुधारका लागि गरिएको यो कार्य कहीं कतै सकारात्मक असर पारेको देखिंदैन ।

अर्थतन्त्रको स्तरोन्नती, प्रगतिशीलता र चलायमान अवस्थामा नरहँदा राजस्व उठाउने एकमात्र स्रोत आयात रहेकोले सबै उत्पादनमुखी नभएर आयातमुखी भए । विलासिताका वस्तुहरु आयात गरेर ७ खर्बको व्यापार घाटा बढाउनुको कुनै अर्थ छैन । प्रति व्यक्ति ५० हजार ऋणको भार हामी बोकेका छौं । तर पनि महँगा गाडी आयात गरेर चढ्छौं । विप्रेषणको रकम उत्पादक क्षेत्रभन्दा विलासिताका वस्तुमा बढि खर्च भई रहेको छ । जिम्मेवार व्यक्तिहरु "भ्रष्टाचार गर्दैनौं, गर्न पनि दिन्नौं" भनेर यथास्थितिलाई नै स्वीकार गरेर जिम्मेवारीविहीन भएको छ । सुधारका नीति छैन, नीति बनाएपनि त्यसको स्वच्छ कार्यान्वयन छैन । राजनीतिकर्मीहरुले दायित्व विर्सेको छ ।

आर्थिक सुधारका लागि एकमात्र उत्पादन क्षेत्रलाई बढाउनु हो । सरकार, अर्थविद्, सामाजिक अभियन्ता, राजनीतिक विश्लेषक, व्यापारी आदि सबैलाई देशको अर्थतन्त्र उकास्ने विषयमा गहन छलफल र निचोड लिएर सरकार कडाईका साथ कार्यान्वयनमा जानु पर्दछ । १३७५ को ग्यास एक्कासी १५७५ पुऱ्याउँदा जनताले केही गरेको छैन तर सरकारको गैर जिम्मेदाराना हर्कत त जनताले भोगी नै रहेको छ । त्यसैले सुधारका सम्भावनाहरु अध्ययन गर्ने, केलाउने, लागु गर्ने तथा नकारात्मक परिणाम आउँदा अर्को सफल प्रयासमा लाग्ने । यही क्रमले सबै आफ्नो जिम्मेवारीमा सक्रिय रहन्छन् र एउटा सकारात्मक परिणाम प्राप्त हुन सक्दछ ।

अर्थक्षेत्रको समस्यालाई पहिचान गरि तत्काल र दीर्घकालको समस्यालाई बर्गीकृत गरि प्राथमिकतामा के राख्ने, त्यसपछि के राख्ने, दीर्घकालीन अवस्थामा के राख्ने आदि कुराको निर्णय गरि समस्या समाधानमा जुट्नु पर्दछ । आयातबाट निजात पाउन सर्वप्रथम देशको उत्पादन क्षेत्रलाई गतिशील बनाउनु हो । यसक्षेत्रमा पनि लगानी गर्दा असल, अनुभवी, जेहेनदार र लगनशील व्यक्तिलाई छान्नु पर्दछ । जसले उत्पादनलाई पेशा बनाओस् । घाटा लागेपनि उत्पादन नरोकियोस् र मिहिनेत गरेर पेशालाई लाभकारी बनाओस् । आसेपासे र बिचौलियाले लगानीको दुरुपयोग गरि छाडेर अर्को पेशालाई बर्बाद गर्न अग्रसर नहोस् । लगानी गरिएको उत्पादन क्षेत्रलाई कडाईका साथ अनुगमन गरियोस् । यो अभिभारा निजीक्षेत्रलाई दिईयोस् । निजीक्षेत्रको उत्पादन क्षेत्रमा ठूलो व्यापकता छ । उसलाई पैसाभन्दा पनि सरकारी सहुलियत चाहिएको छ । काममा कुनै बाधा नपर्ने गरि सरकारले निजीक्षेत्रलाई प्रोत्साहन गर्नु पर्दछ । त्यसको लागि सुविधाजनक नीति बनाउनु पर्दछ ।

सरकारी संयन्त्रको विकृत सोचले कुनै योजनामा देखाउने लगानीको जोखिम, समयमा त्यस योजनाको स्थलगत अध्ययन, विश्लेषण न हुनु, राजनीतिक विषमता, योजनामा लगानी देखाउने आफ्नो भूमिका नदेख्दा विभिन्न बहानामा बाधा अवरोध खडा गर्नु आदि कारणले अपेक्षाकृत रुपमा पूँजीगत खर्च नहुनुले समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्छ । यसले अर्थतन्त्रको सकारात्मक वृद्धिलाई रोक्छ र समग्र परिसूचकहरु प्रभावित हुन्छ ।

एउटा सरकारले गर्ने काम अर्को आउने सरकारले भत्काउने विकृत मानसिकताले देशको अर्थतन्त्र गतिशील नहुनु एउटा प्रमुख कारण हो । सधैं शुरुवात गर्ने बानीले पनि अर्थतन्त्र गतिहीन हुने गरेको अवस्था छ । अर्थतन्त्रलाई टेवा पुग्ने राष्ट्रिय सोचको आधारमा नीति निर्माण हुनु र आफ्नो नाम चलाउन वित्तीय विधेयक ल्याउनुमा धैरै अन्तर छ ।

संयुक्त राष्ट्रसंघको महासभाले आर्थिक सुधारोन्नती, उत्पादक बृद्धि, आय बृद्धिका लागि दिएको ५ वर्ष नेपालको लागि धैरै चुनौतीपूर्ण छ । यस सम्बन्धमा बुद्धिजीवीहरुले चिंता व्यक्त गरेपनि सरकारको यसबारेको नीति के होला भन्न कठीन छ । सरकारले देशको अर्थतन्त्रबारे गम्भीर हुन जरुरी छ । विकासशील देशमा सूचीकृत हुनुभन्दा पूर्व त्यसको पूर्वाधार खडा गर्ने चुनौती त छँदैछ । आफ्नो देशको समुन्नतीप्रति जिम्मेवार रह्नु कुनै पनि सरकारको दायित्वबोध हुनु पर्दछ ।

अर्थतन्त्रको क्षेत्रमा धैरै विषमता छ । सुशासनको अभाव छ । देशको अर्थनीतिसंग राजनीतिको कुनै सम्बन्ध छैन । भ्रष्टाचार चारैतिर व्याप्त छ । नीति बनाउनेप्रति राजनीतिको कुनै चासो हुँदैन । जबकि नीति, राजनीतिको अन्योन्याश्रय सम्बन्ध हुनु पर्दछ । राजनीतिलाई देश र जनताको चासोको विषय नबनाई आफ्नो आफ्नो पार्टीगत लाभमा प्रयोग भएको कारण सबैक्षेत्र अराजकताको शिकार भएको छ । आर्थिक अनियमितताको प्रवल बेगलाई नियन्त्रणमा राख्नु धैरै कठीन अवस्था रहेकोले सुशासनको कल्पना मात्र गर्न सकिन्छ, लागु गर्न सकिन्न ।देशको यस्तो दयनीय अवस्थाप्रति शीर्ष राजनीतिक दलहरुलाई जिम्मेवारबोध नहुनु देशको ठूलो दुर्भाग्य हो ।

पार्टीगत रुपमा कृषिको आधुनिकीकरण गर्ने, वैज्ञानिक विधीबाट कृषि उत्पादन बढाउने, कृषिलाई उद्योगमा रुपान्तरण गर्ने आदि कुराहरु समावेश गरि अवधारणा पत्र बनाएर राखेको इतिहास सबैसंग छ । सरकारले पनि हचुवाको भरमा विदेशी कार्यक्रम अपनाउँदै कृषि विकास रणनीति (ADS) को २० वर्षे कार्यक्रम ०५२ सालमा लागु गऱ्यो । ०७२ सालमा पुनश्च यसले निरन्तरता पायो । बीच बीचमा ३ वर्षे कृषि कार्यक्रम अलग्गै ढंगले अवसर पायो । यसरी भिन्न भिन्न देशको सहयोगमा कृषि कार्यक्रम संचालन हुँदा यसले उत्पादन क्षेत्रमा के योगदान गऱ्यो त्यसको कुनै लेखाजोखा छैन ।

उत्पादनको मुख्यक्षेत्र कृषि हो । ८५ प्रतिशत जनसंख्यालाई कुनै बेला रोजगार दिएर राखेको कृषिक्षेत्र धान, चामल निर्यात गर्न ख्याति प्राप्त गरेको थियो । त्यही कृषि अहिले अर्बौंको चामल आयात गर्ने अवस्थामा पुगेको छ । जीडीपीमा ३४ प्रतिशत योगदान गर्ने कृषि अहिले २५ प्रतिशतमा झरेको छ । निर्वाहमुखी पनि बन्न नसकेको कृषिक्षेत्रमा उत्पादन बढाउन गरिएको लगानीको प्रतिफल शुन्यको स्थितिमा यसको सुधारको जिम्मेवार को ? निश्चय पनि सरकार हो । तर यो सरकार कृषिलाई उत्पादन क्षेत्रमा नाम दर्ज गराउन सफल होस् शुभकामना छ ।

janukjha24@gmail.com

# मधेश प्रदेशबाट हामी एक इन्च पनि पछि हट्दैनौं

**सञ्जय कुमार यादव**

प्रदेश नं. २ को नाम र राजधानी टुंग्याउन सकसभन्दा पनि हाम्रो ध्येय के रहेको छ भने यो ऐतिहासिक क्षण हो । यसको स्वामित्व प्रदेशसभामा रहेका सबै दलले लेओस् । समग्ररुपमा प्रदेशसभाले एउटा राम्रो सन्देश यस प्रदेशका जनतालाई देओस् र यसको श्रेय सबै राजनीतिक दलले लेओस् भन्ने मान्यताका आधारमा हामीले एउटा साझा सहमतिको वातावरण निर्माणमा लागेका छौं । त्यहीं हिसावले अहिले हामी कार्यहरु अगाडि बढाइरहेका छौं । अहिले प्रदेशको नाम र राजधानी टुंगो लगाउनका लागि प्रदेशसभाले सबै दलको प्रतिनिधित्व हुनेगरी सभामुख सरोज कुमार यादवको संयोजकत्वमा विशेष समिति पनि निर्माण गरिएको छ ।

यो आठौं अधिवेशनबाट प्रदेश नं. २ ले आफ्नो नाम र राजधानी पाउँछ । यो अनिवार्य पनि हो । यसका लागि पूर्णरुपेन प्रतिबद्धताका साथ पारित गर्नेतर्फ लागेका छौं । यो प्रदेशलाई व्यवस्थित, सुशासनसहित र उदाहरणीय प्रदेशको रुपमा हामी अगाडि बढिरहेका छौं ।

हामीले सुरुदेखि नै मधेश प्रदेश भन्दै आएका छौं । यसमा कम्प्रमाइज हुन सक्दैन । जुन शब्दका लागि समग्रतामा यत्रो ठूलो सहादत दियो, मधेश विद्रोहताका एउटा प्रमुख एजेण्डा नै थियो कि पहिचान । पहिचान, स्वाभिमान र सम्मानका लागि मधेश विद्रोह भएको थियो । जुन नाम र ऐतिहासिक पहिचानका लागि मधेशले यत्रो ठूलो सहादत र बलिदान दियो, त्यसलाई पूरा नगराइ छाड्दैनौं । आज ऐतिहासिक क्षणमा छौं कि त्यो पहिचान हामीले दिलाउनुपर्छ । यो ऐतिहासिक अवसरलाई हामी त्यसरी गुमाउँदैनौं । मधेश प्रदेश नामाकरणका लागि हामी हरसम्भव प्रयास गरेर समष्टिगतरुपमा सहमतिको आधारमा प्रदेशको नामाकरण हुन्छ ।

सत्तारुढ दलमध्ये नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)ले फरक-फरक प्रस्ताव दर्ता गराएका छन् । हामीले ती दलहरुलाई कन्भिन्स गरेर मधेश प्रदेशमै सहमत गराउँछौं । यो प्रदेशको नाम मधेश प्रदेश हुँदा कांग्रेस र नेकपा एसलाई कुनै आपत्ति नहुनुपर्ने हो । मधेशको सम्पूर्ण पक्षलाई सम्बोधन गर्ने शब्द नै मधेश हो । कांग्रेस र नेकपा एकीकृत केन्द्रको प्रभाव वा दबाबमा परेर खुलेर आउन सक्नुभएको छैन होला ।

यदि कांग्रेस र कम्युनिष्ट पार्टीहरु मधेश प्रदेशमा सहमत हुँदैन भने उनीहरुको राजनीति मधेशबाट समाप्त भएर जान्छ । नेकपा माओवादी केन्द्रले हाम्रो प्रस्तावमा समर्थन जनाइसकेको छ । प्रतिपक्षी लोसपा पनि मधेश प्रदेशमै सहमत छ । कांग्रेसका नेताहरुसँग पनि हामी संवाद गर्दैछौं र नेकपा एसले पनि मधेश प्रदेशमै सहमति जनाउनेमा हामी ढुक्क छौं ।

किनभने मधेश प्रदेश कुनै एउटा राजनीतिक दल विशेषका लागि होइन, समग्र मधेशी जनताको पहिचानसँग जोडिएको विषय हो । सयौं मधेशीले मधेश प्रदेशका लागि सहादत दिएका छन्, हजारौंको अंगभंग भएका छन् । मधेश आन्दोलनका बेला मधेशका भित्ता-भित्तामा मधेश सरकारले लेखेका थियौं, मधेशी जनताको त्यो भावनालाई कदर गर्दै हामीले मधेश प्रदेश नै राख्नेछौं । यसलाई कुनै दलविशेषको प्रस्ताव नठानौं । हामी अहिले ऐतिहासिक क्षणमा छौं र त्यो क्षणलाई स्मरणीय बनाउन चुक्नु हुँदैन ।

# आसेपासे र नातेदारलाई व्यवस्थापनमै नेतृत्व केन्द्रित छन्

**हामी आफ्नो जीवनको यत्रो समय पार्टी निर्माणका लागि दियौं । हामीले आफ्नो व्यक्ति लाभ नसोचेर मधेशको मुक्ति होस् भनेर हामी राज्यसत्तासँग लड्यौं । तर उपलब्धि के त ? उपलब्धि भनेको आफ्ना आसेपासेलाई प्राथमिकता दिने, जातीयरुपमा उन्माद फैलाउने, गुटबन्दी गर्ने र सिट बेचबिखन गर्ने जस्ता कुराहरुका विरुद्ध हामी संघर्ष गर्नैपर्छ । पार्टीको यस्ता निर्णयविरुद्धमा हामी संघर्ष गर्छौं ।**



## रामजी राय
### नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**० लोसपाको प्रदेश र जिल्ला अध्यक्ष मनोनयनप्रति तपाईंहरुले किन असन्तुष्टि जनाउनु भएको छ ?**

– मधेशमा विभेदका विरुद्ध विद्रोह भएको थियो । मधेशीसँग यहाँका शासनसत्ताले जुन विभेद गर्दै आएका थिए त्यसको विरुद्ध मधेश विद्रोह भएको थियो र हामी त्यसमा निःस्वार्थ भावले लागेका थियौं । त्यो संघर्षमा हजारौं घाइते भए, सयौंको बलिदानी भयो र कैयौं अहिले पनि अंगभंगको अवस्थामा छन् । ती सबै उपज आज मधेशका लागि राजनीतिक दलहरु निर्माण भएका छन् । तर, दुर्भाग्य । हामी जुन विभेदका विरुद्ध शासनसत्तासँग लड्यौं आज त्यहीं विभेद हाम्रो पार्टीभित्र रहेको छ ।

**० लोसपाभित्र तपाईंहरुसँग कसरी विभेद भयो त ?**

– हाम्रा नेताहरुले मधेश आन्दोलनको उपलब्धिलाई आफ्नो व्यक्तिगत लाभबाहेक मधेशलाई केही दिन सकेनन् । जस्तै, उपेन्द्र यादवलाई मधेश आन्दोलनले राजनीतिक उचाइँमा पुऱ्यायो तर उहाँले अहिले आफ्नो पार्टीमा मधेश र मधेशीको चर्चा पनि गर्नुहुन्न । मत लिनका लागि मात्रै उहाँ मधेशी कुरा गर्नुहुन्छ । त्यस्तै हाम्रो पार्टीमा पनि यस्तै कुरा भइरहेका छन् । कुनै पनि पार्टी पद्धति र सिद्धान्तअनुसार चल्छ । तर पार्टीभित्र नेतृत्वले आफ्नो आसेपासे र नातेदारलाई नै व्यवस्थापन गर्नमै केन्द्रित देखियो ।

**० प्रदेश र जिल्लामा अध्यक्ष महन्थ ठाकुरले आफ्ना मान्छेलाई मात्रै राख्नुभएको छ त ?**

– जसपाबाट लोसपा बन्दै गर्दा हाम्रा ग्रासरुटका नेता कार्यकर्ताहरु यही पार्टीलाई साथ दिए । हाम्रा नेताको मनोवल नटुटोस् भनेर मधेशमा जाँदा भरपूर स्वागत गऱ्यौं । सिद्धान्त र नीतिका पछाडि मान्छे कुनै पार्टीमा लाग्ने हो । लोसपासँगै माधव नेपालको पार्टी गठन भएको थियो, त्यो पार्टीको वार्ड कमिटीसम्म गठन भइसक्यो तर हाम्रो पार्टीमा केही पनि भएन । त्यसको कारण के हो भने हाम्रा चार जना शीर्ष नेताहरुबीच सहमति जुटिरहेको थिएन । हाम्रा सबै नेता कार्यकर्ताहरुको एउटै माग छ कि सामूहिक निर्णय होस् एकल नेतृत्व होइन । किनभने विगतमा राजपा हुँदा ६ जना अध्यक्षहरुले गुटबन्दीमै लाग्नुभएको थियो । अहिले पनि चार जना शीर्ष नेताहरुले गुटबन्दीमै भागवण्डा खोजिरहनुभएको छ । पार्टीका लागि सहादत दिने, सडकमा संघर्ष गर्ने आम कार्यकर्ता तथा त्यसको उपलब्धि शीर्ष नेताहरुले आफूमै भागवण्डा मिलाउने गर्दै आएका छन् । मधेशका वफादार सिपाहीहरु अवसरबाट वञ्चित भइरहेका छन् ।

**० कसले अवसर पाइरहेका छन् त ?**

– जो शीर्ष नेताहरुको आसेपासे हुन्, जसले अध्यक्षको परिक्रमा गर्ने, सेवा गर्नेहरुले मात्रै अवसर पाइरहेका छन् । जसले शीर्ष नेताको चाकडी गर्दैन, उसले जीवनभर जतिसुकै इमान्दारीका साथ काम गरेपनि कहिल्यै अगाडि बढ्दैन । हामीजस्ता इमान्दार नेता कार्यकर्ताहरु पैसा वा लाभ खोजेको होइनौं, हामी पार्टीभित्र मान, सम्मान र प्रतिष्ठा खोजेका छौं । जुन सम्मानका लागि हामीले राज्यसँग लडाइँ गरेका थियौं, त्यो लडाइँ आज हामी पार्टीभित्रै गर्नुपर्ने अवस्था आएको छ । पार्टीका चार जना नेताले गर्ने निर्णय हामीलाई स्वीकार्य हुँदैन ।

**० तर सबैको सहमतिमै प्रदेश र जिल्ला अध्यक्षहरु मनोनयन भएको हो नि ?**

– बिल्कुलै भएको छैन । अध्यक्षले आफ्नो गोजीका मान्छेहरुलाई जिम्मेवारी तोक्नुभएको छ । हामीले भनेका थियौं कि प्रदेशको अध्यक्ष मनोनयन गर्दा पहिला त्यहाँका नेता कार्यकर्ताहरुबीच छलफल गर्नुस्, त्यहाँबाट आएका नाममध्ये जसको नाममा बहुमत हुन्छ, उसलाई जिम्मेवारी दिनुस् । जिल्ला अध्यक्षको सन्दर्भमा पनि हामीले जिल्लाका नेताहरुसँग सल्लाह गरेर तोक्नुस् भन्यौं । हाम्रा नेताज्यूहरु विगतका तमलोपा, सद्भावना, रामसपाकै गुटमा रमाइरहनुभएको छ । चार जना नेताले आफ्ना निर्णय हामीमाथि थोपर्ने काम गर्नुभएको छ । उहाँहरु सबै नेता कार्यकर्ताहरुलाई गुलाम ठान्नुभएको छ । यो मानसिकताबाट माथि उठ्नुपर्छ । हामीले सामूहिक निर्णय, एकल नेतृत्वको कुरा गरिरहेका छौं । एउटै व्यक्तिलाई सबै जिम्मेवारी दिने हो भने बाँकी नेताहरु मतदाता मात्रै हुन् त ? हामी पार्टी बनाउनका लागि आग्रह गरिरहेका छौं । जसले वार्डमा पनि जित्ने हैसियत राख्दैन त्यस्ताले अध्यक्ष महन्थ ठाकुरलाई गाइड गरिरहेका छन् । आजसम्म मधेशको जुन दुर्दशा छ, त्यसका कारण यी कुडाहरु हुन् ।

**० प्रदेश २ को अध्यक्षमा जीतेन्द्र सोनललाई मनोनयन गर्दा तपाईंहरुको चित्त दुखेको हो त ?**

– जीतेन्द्र सोनल मन्त्री हुँदा पार्टीका एउटा पनि नेता कार्यकर्तासँग सम्मानजनक व्यवहार गर्नुभएन, उहाँले कसैको मन जित्न सक्नुभएको छैन । उहाँले केवल आफ्नो तिजोरी मात्रै भर्नुभएको छ । आफ्नो क्षेत्रमा पैसा लग्नुभएको होला तर जनकपुरका लागि केही पनि गर्नुभएन । उहाँलाई संसदीय दलको नेतामा पनि सांसदहरुले स्वीकार गरेका थिएनन् । आफ्नै प्रदेशबाट अस्वीकृत भइसकेका व्यक्तिलाई केन्द्रीय कार्यकारिणी समितिमा राख्ने, प्रदेश २ को संसदीय दलको नेता बनाउने, उसैलाई मन्त्री बनाउने र प्रदेशको अध्यक्ष पनि बनाइनुपर्ने बाध्यता के छ त ? प्रदेशको अध्यक्ष अर्को व्यक्तिलाई दिँदा हुन्थ्यो नि त । हाम्रो माग थियो कि प्रदेशको अध्यक्षको जिम्मेवारी नयाँ फ्रेस मान्छेले पाउनुपर्छ । सबै जिम्मेवारी एउटै व्यक्तिलाई दिने हो भने अन्य नेता कार्यकर्ताहरु केका लागि छन् त ? यी कुराहरु बिल्कुल गैरलोकतान्त्रिक हो ।

**० अध्यक्ष महन्थ ठाकुरले त यो निर्णय पुनरावलोकन हुँदैन भनेर तपाईंहरुलाई भनिसक्नुभएको छ नि ?**

– अध्यक्ष ठाकुरले हामीलाई भन्नुभयो कि चार जना शीर्ष नेताबीच छलफल भएर मैले एकल निर्णय गरें । उहाँले तत्काल पुनरावलोकन हुन सक्दैन भन्नुभएको छ । हामीले उहाँसँग भन्यौं कि पार्टीलाई जोगाइदिनुस् अध्यक्षज्यू, पार्टीलाई सवल बनाइदिनुस् । पार्टीको विधानअनुरुप संगठनहरु निर्माण हुनुपर्ने र एक व्यक्ति एक पदअनुसार चल्नुपर्ने हाम्रो माग हो । चार जना व्यक्तिले गरेको निर्णय हामीले मान्दैनौं । जुन अध्यक्षमण्डलीय प्रणालीलाई फालेका थियौं, त्यहीं अहिले देखा परिरहेको छ । प्रदेश, जिल्ला र अन्य मनोनयनहरु केन्द्रीय कार्यकारिणी समितिबाट निर्णय हुनुपर्ने थियो । यदि यी कुराहरु सच्चिएन भने हामी पार्टीभित्र रहेर संघर्ष गर्छौं । पार्टीको शक्ति हामीसँग छ । उहाँका आसेपासेसँग अब दम्भ छैन । ग्रासरुटका कार्यकर्ता हाम्रो पुँजी हो ।

**० पार्टीभित्र कस्तो संघर्ष गर्नुहुन्छ ?**

– हामी आफ्नो जीवनको यत्रो समय पार्टी निर्माणका लागि दियौं । हामीले आफ्नो व्यक्ति लाभ नसोचेर मधेशको मुक्ति होस् भनेर हामी राज्यसत्तासँग लड्यौं । तर उपलब्धि के त ? उपलब्धि भनेको आफ्ना आसेपासेलाई प्राथमिकता दिने, जातीयरुपमा उन्माद फैलाउने, गुटबन्दी गर्ने र सिट बेचबिखन गर्ने जस्ता कुराहरुका विरुद्ध हामी संघर्ष गर्नैपर्छ । पार्टीको यस्ता निर्णयविरुद्धमा हामी संघर्ष गर्छौं । यो निर्णय सच्चिएन भने हामी प्रदेश र जिल्लामा पार्टीको कार्यालय खोल्न दिँदैनौं ।

**० पार्टीकै विरुद्ध आन्दोलन गर्दा कारबाहीमा पर्नुहुन्छ नि ?**

– पार्टी कसैले एकलौटीरुपमा होइन नि । चार जना नेताका मात्रै पार्टी हो र ? हामीले उठाएका एउटा पनि माग पार्टीविरुद्ध छैन । हामीले झन् पार्टीलाई नेता, कार्यकर्ता र जनताबीच लोकप्रिय बनाउनका लागि आवाज उठाइरहेका छौं । हामीले पार्टीलाई लोकतान्त्रिक विधि र पद्धतिबाट चलाउनुस् भनिरहेका छौं । पार्टीको हितविपरीत कार्यहरु भइरहेका छन्, आमनेता कार्यकर्ताहरु नेतृत्वको निर्णयबाट निराश भइरहेका छन् । हामी पार्टीलाई सुदृढ र बलियो बनाउन आवाज उठाउँदा उल्टै हामी नै कारबाही भोग्नुपर्ने हो र ? एक व्यक्ति एक पदको कुरा गर्दा हामी पार्टीको हितमा कुरा हो ।

**० भनेपछि प्रदेश र जिल्ला अध्यक्ष मनोनयनको निर्णय नसच्चिएसम्म संघर्ष जारी रहन्छ ?**

– नेतृत्वले गरेका सबै नियुक्तिहरु त्रुटिपूर्ण र अलोकतान्त्रिक हो । वास्तवमा यदि हाम्रा नेताहरु मधेशको मुक्ति चाहनुहुन्छ भने पहिला आफ्नोभित्र सुधार गर्नुस् ।

# राज्यले जस्तो भाषा बुझ्छ, उस्तै बुझाउन खोजेका हौं

**जनमत पार्टी भनेको किसान, मजदूर, युवा, विद्यार्थीहरुको भावनाअनुसार चल्ने पार्टी हो । पहिलादेखि नै हामीले भ्रष्टाचार, बेरोजगार, कृषिका समस्याहरु उठाउँदै आएका छौं । किसानलाई अहिले पनि स्टेकहोल्डर मानिएको छैन । जबकि यो देश किसानमाथि आश्रित छ ।**



## ललित मल्लिक सानु
### केन्द्रीय सदस्य, जनमत पार्टी

**० जनमत पार्टीले अहिले किसानको नाममा आन्दोलन चर्काइरहेको छ । के वास्तवमै किसानकै आन्दोलन हो त ?**

– जनमत पार्टी भनेकै मधेशको समग्र मुक्तिका लागि संघर्ष गरेको पार्टी हो । मधेश भनेको ९० प्रतिशत किसानहरुको भूभाग ओगटेको छ । किसानहरुको समस्यालाई उठाएर समाधान हुनुपर्छ भनेर जनमत पार्टीले अहिले सिरहामा भइरहेको आन्दोलनको अगुवाई गरिरहेको छ । किसानका समस्यालाई जुन तरिकाले नजरअन्दाज गरिएको छ, किसानसँग विभेद भइरहेको छ । कृषि प्रधान देश भएर पनि सबभन्दा बढी विभेद खेपेकै किसानहरुले हो । सत्तामा रहेका व्यक्तिहरु पनि किसानका छोराछोरीहरु हुन् । तर कहिल्यै पनि यो देश किसानका समस्याहरुप्रति गम्भीर हुन सकेन । त्यसकारण बाध्यतावश किसानहरुको समस्या सम्बोधन हुनुपर्छ भनेर आन्दोलनको अगुवाई जनमत पार्टीले गरिरहेको छ ।

**० तर तपाईंहरु किसान आन्दोलनको नाममा अराजकता मच्चाउनुभएको छ भन्ने आरोप छ नि ?**

– हाम्रो आन्दोलन किसानको हक अधिकारका लागि भएकोले यसलाई अराजक भन्न मिल्दैन । किसानवर्गको समस्यालाई समाधान गर्न नचाहने पार्टीका व्यक्तिहरुले हाम्रो आन्दोलनलाई अराजक भन्न सक्नेछन् । तर हामी आफ्ना अन्नदाताहरुको अधिकारका लागि जस्तोसुकै आन्दोलन गर्न तयार रहनेछौं । हाम्रो आन्दोलन राष्ट्रव्यापीरुपमा चलिरहेको छ । मधेशमा मात्रै नभइ, हाम्रो आन्दोलन समग्र नेपालको विकास र समृद्धिका लागि हो । नेपालको समृद्धि कृषिबाट मात्रै सम्भव भएकोले हामीले अहिले आफ्नो आन्दोलनलाई यसैमा केन्द्रित गरेका छौं । तथापि, जनमत पार्टी हिंसा र अशान्तिको पक्षपोषक कहिल्यै छैन ।

**० तर, आन्दोलनको शैलीमा हिंसा र अराजक देखिन्छ नि ?**

– हामी शान्तिपूर्णरुपमा नै आन्दोलन गरिरहेको छौं । राज्यको चरित्रअनुसार आन्दोलनको स्वरुप पनि परिवर्तन हुन्छ । हामीले किसानका समस्याहरु समाधान होस् भनेर बारम्बार आग्रह गर्दा राज्यले सुनेन । राज्यको चरित्र यस्तो भइसकेको छ कि कानको अगाडि विस्फोट नभएसम्म सुन्दैन । त्यसकारण बाध्यात्मक परिस्थितिमा हामीले बन्द हड्ताल र चक्काजाम गर्नुपरेको छ । तर हामी हिंसा वा अराजकता प्रदर्शन गरेका छैनौं । किसानको समस्या सुन्न नचाहने, पीडा बुझ्न नचाहनेहरु अराजक हुन् । जसले किसानको आन्दोलन विरुद्ध जाने दुस्प्रयास गर्छ, उसलाई जनताले छोड्नेवाला छैन । बाँझो जग्गालाई यदि किसानले जोतेर उब्जाउ बनाउन सक्छन् भने आफ्नो अधिकारका लागि पनि संघर्ष गर्न सक्छन् ।

**० तपाईंहरुका माग के-के छन् ?**

– मधेशको एक मात्र विकल्प जनमत पार्टी नै हो । मधेश र मधेशी जनतालाई उन्मुक्ती दिन सक्ने ल्याकत डा. सीके राउत बाहेक मधेशी कुनै नेतृत्वमा नरहेको कुरा समयमै बुझौं । आज आफूलाई जनमत पार्टीको एउटा सिपाहीको रूपमा उभ्याउँदा गर्व महसूस गर्दैछु । जनसंख्याको आधारमा तराई-मधेशमा ५०% स्थानीय तह कायम हुने गरी स्थानीय तहको पुनर्संरचना निर्वाचनपूर्व गर्नु पर्ने, जनसंख्याको आधारमा मातृभाषा समान हुने गरी प्रतिनिधि र प्रदेश सभा निर्वाचन क्षेत्र कायम गर्नु पर्ने, नागरिकताविहीनहरूले पनि मतदान गर्न पाउने कानूनी व्यवस्था मिलाउनु पर्ने हाम्रा मागहरु छन् ।

यसैगरीले हामीले अंगीकृत र जन्मसिद्ध नागरिकको सन्तानहरूले नागरिकता नपाइराखेको र उनीहरूको अधिकार समेत कटौती भएको अवस्थामा नागरिकता समस्यालाई पहिला समाधान गर्नु पर्ने, वैदेशिक रोजगारको क्रममा रहेका योग्य नेपाली मतदाताहरूले मतदान गर्न सक्ने व्यवस्था गर्नु पर्ने, राजनीतिक दल सम्बन्धी ऐन २०७३को दफा ५२ मा राष्ट्रिय दलको मान्यताको लागि रहेको न्यूनतम ३% मत र एक सिटको प्रावधान हटाउनु पर्ने, स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २६ को उपदफा (६) र (७) अनुसार राष्ट्रिय दलले मात्रै निर्वाचन चिन्ह पाउने र अन्य दलले नपाउने गरी रहेको विभेदपूर्ण प्रावधान खारिज गरिनु पर्ने, प्रदेशको पुनःसीमाङ्कनको सवाललाई समाधान गरेर मात्रै प्रदेश सभाको निर्वाचन गर्नु पर्ने हामीले माग गरेका छौं ।

यस्तै, निर्वाचन निष्पक्ष र धाँधलीरहित हुने वातावरणको सुनिश्चितता गर्नुपर्ने; आचारसंहिता उल्लघंन गर्ने, मत खरिदबिक्री गर्ने, मतदातालाई डर, त्रास तथा लोभ-लालच देखाएर मत प्रभावित गर्ने उम्मेदबारहरूमाथि निश्चित् रूपमा कारबाही हुने व्यवस्था गर्नु पर्ने र विगत करीब पाँच वर्षमा जनप्रतिनिधिहरूद्वारा व्यापक भ्रष्टाचार भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका ऊजुरीहरूमाथि द्रुत गतिमा छानबिन गर्नु पर्ने र भ्रष्टाचारको कसुरमा मुद्दा दर्ता भएका व्यक्तिहरू तत्काल् उम्मेदबार बन्न नपाउने कानूनी व्यवस्था गर्नु पर्ने माग पूरा गराएरै छाड्छौं ।

**० बन्द, हड्ताल र चक्काजामले त सर्वसाधारण जनतालाई नै पर्छ नि ?**

– शासनसत्तामा बसेकाहरु यस्तै भाषा बुझ्छन् । विगतमा तिनीहरु पनि विभिन्न आन्दोलन, तोडफोड र हत्या हिंसा गरेर आएका छन् । तिनीहरु शान्तिपूर्ण आन्दोलनलाई बेवास्ता गर्दै आएका छन् । तथापि हामी हिंसा र अशान्ति मचाउन खोजेका छैनौं । हामी चाहन्छौं कि हाम्रा अन्नदाता किसानको पीडा बुझोस् र मागहरु सम्बोधन गरोस् । तर अराजकतावादीहरु जुन भाषा बुझ्छ र सुन्छ त्यहीं भाषा हामीले बोल्नुपर्ने हुन्छ । हिलो सफा गर्नका लागि हिलोमै पस्नुपर्ने हुन्छ, त्यस्तै नै हामीले गर्नुपर्ने बाध्यता हो । देशले चाहेको अहिलेको आवश्यकता जनमत पार्टीबाहेक कसैले पहिचान गर्न सकेको छैन ।

**० तपाईंहरुको यो आन्दोलनले राज्य सुनेन भने कस्तो आन्दोलन गर्ने ?**

– सिरहाबाट सुरु भएको आन्दोलन मधेशव्यापीरुपमा फैलिएको छ । किनकि किसान भनेको देशकै अभिन्न अंग हो । ८० प्रतिशतभन्दा जनसंख्या कृषि पेशामा आश्रित छन् । यो आन्दोलन अब मधेशव्यापी बन्दैछ । भोलिका दिनमा थप सशक्तताका साथ जनमत पार्टीले किसानको पक्षमा आन्दोलनका कार्यक्रमहरु ल्याउनेछ । किनभने जनमत पार्टी भनेको किसान, मजदूर, युवा, विद्यार्थीहरुको भावनाअनुसार चल्ने पार्टी हो । पहिलादेखि नै हामीले भ्रष्टाचार, बेरोजगार, कृषिका समस्याहरु उठाउँदै आएका छौं । किसानलाई अहिले पनि स्टेकहोल्डर मानिएको छैन । जबकि यो देश किसानमाथि आश्रित छ । किसानको समस्यालाई मूल समस्या मानिएको छैन ।

**० भनेपछि, फेरि नेपालमा बन्द, हडतालको सामना गर्नुपर्ने हुन्छ ?**

– नेपाल अब मूलभूत स्टेकहोल्डरको समस्या समाधानको बाटोमा जाँदैछ । यो आन्दोलनलाई नकारात्मक दृष्टिकोणबाट नहेरौं । नेपाललाई समृद्ध बनाउन र विकासको बाटोमा डोऱ्याउनका लागि कृषि मात्र एक प्रमुख आधार हो । हाम्रा युवा शक्तिहरु विदेश पलायन हुनुपर्ने बाध्यता छ । युवा शक्तिलाई हामी कृषि पेशामा आकर्षित गराउन सक्यौं भने नेपाल विकास र समृद्धिको बाटोमा अगाडि बढ्न सक्छ । नेपाललाई विकास र समृद्धि बनाउने नारा दिएर मात्रै हुँदैन । नेपाली जनतालाई आत्मनिर्भर बनाउन कृषि मात्र एक प्रचूर सम्भावना बोकेको माध्यमलाई यसलाई हामीले उजागर गर्न चाहन्छौं । कृषि पेशालाई सम्मानित पेशा बनाउने पनि हाम्रो उद्देश्य हो । देशमा पहिलोपटक स्टेकहोल्डर किसानका मुद्दालाई राजनीतिकरुपमा जनमत पार्टीले स्थापित गर्न लागेको छ ।

**० किसानका के कस्ता समस्याहरु छन्, जसलाई सम्बोधन गर्न आवश्यक छ ?**

– किसानका विभिन्न समस्याहरु छन् जसलाई समाधान गर्न सरकारले चाहयो भने कुनै ठूलो कुरा होइन । किसान कुनै ठूलो कुरा माग गरेको होइन । सबभन्दा पहिला किसानको माग सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मलखाद र बीउको व्यवस्था गर्नुपर्ने, सिंचाईको व्यवस्था गर्नुपर्ने, नसके सिंचाई बिजुली निःशुल्क गर्नुपर्ने, हावाहुरी र वर्षाले भएको बालीनाली क्षति वापत् राहत दिनुपर्ने, फसलको उचित समर्थन मूल्य निर्धारण गर्नुपर्ने हो । यस्तै, उखु किसानको भुक्तानी गर्नुपर्ने, किसान कार्डको व्यवस्था, किसान कार्ड देखाए सीमानाकाका बजारबाट सामान ल्याउन पाइने व्यवस्था, किसानलाई पनि पेन्सनको व्यवस्था, स्वतः बालीनाली बीमा हुने सुनिश्चितता आदि किसानको आधारभूत आवश्यकता हो ।

**० तपाईंहरुको मागप्रति राज्यको ध्यानकेन्द्रित भएको पाउनुभएको छ ?**

– यस देशको राज्यसत्ता नै जनभावनाप्रति असहिष्णुता रहँदै आएको छ । यसका लागि हामी थप कडारुपमा प्रस्तुत हुनुपर्दछ । जुन प्रकारले किसान र हाम्रा पार्टीका नेता कार्यकर्तामाथि दमन गरेको छ, त्यसले हामीलाई अनुभूति भएको छ कि राज्यको चरित्रमा कुनै परिवर्तन आएको छैन । व्यवस्था परिवर्तन भए तापनि पञ्चायतकालीन मानसिकताको राज्य सञ्चालकहरु छन् । हामीले उठाएका मुद्दा कति गम्भीर र प्राथमिकताको विषय हो, यो राज्यले अहिलेसम्म बुझ्न सकेको छैन । हाम्रो आन्दोलन अगाडि राज्य झुक्न बाध्य हुनेछ । किनभने यी किसानका सवालहरु छन् ।

# 'मधेश प्रदेश' सम्पूर्ण मधेश र मधेशीका लागि श्रेयकर र हितकर



सुरेश मण्डल

> पूर्वमेचिदेखि पश्चिम महाकालीसम्मको भूगोल र जनताको एकताको परिचायक हो मधेश । भविष्यको चुनौतिको सामनासँगै समग्र मधेश र मधेशीको अस्तित्व र अस्मिताको रक्षा मधेश पहिचानले नै गर्नेछ । त्यसकारण वर्तमान प्रदेश दुईको नाम सर्वसम्मतिबाट 'मधेश प्रदेश' राख्नु नै सम्पूर्ण मधेश र मधेशी जनसमुदायको लागि श्रेयकर र हितकर देखिन्छ ।

मधेशी जनताको लामो संघर्ष र बलिदानी स्वरूप देशले संघीयता पाएको छ । यद्यपि मधेशी जनताको चाहना अनुसारको संघीयता मुलुकले पाउन सकेको छैन । त्यसका निम्ति थप संघर्षको आवश्यकता छ । राज्य अझै संघीयताप्रति र खासगरी मधेशी जनसमुदायप्रति इमान्दार हुन सकेको छैन । आफैले बनाएको खेलको नियमहरू खेलको बीचमै मधेशीलाई हराउन परिवर्तन गरे । संघीयताअन्तर्गत राज्य पुनर्संरचनाका निम्ति बनाएको न्यूनतम् मापदण्ड पहिचानका पाँच तत्त्व र सामर्थ्यका चार तत्त्वलाई समेत बेवास्ता गरे । फलस्वरूप संघीयता त आयो तर बदनियतपूर्ण किसिमले आयो । संघीयताको स्वरूपलाई विकृत र विभेदपूर्ण बनाउने काम भयो । पहिचान र सामर्थ्यका आधारमा बढीमा दुई प्रदेशसम्म हुने मधेशलाई छ टुक्रामा विभाजन गरियो ।

प्रदेश दुई बाहेक बाँकी पाँचवटा प्रदेशमा मधेशीलाई सत्ता सञ्चालनबाट वञ्चित गरियो । मधेश विरोधी संविधान जर्बजस्ती मधेशी जनताको चिहानमाथि कर्फ्यु लगाएर घोषणा गरियो, त्यसमा सबै मधेश विरोधी राजनीतिक तथा गैरराजनीतिक शक्ति एकजुट भए । व्यवहारमा ठगिएपनि सिद्धान्ततः यो मुलुकमा संघीयता चाहने मधेशी, जनजाति, दलित, थारू, मुस्लिम लगायत बहुसंख्यक सीमान्कृत समुदायको जीत भएको छ । अब मधेशी लगायत यी समुदायहरूको काँधमा संघीयतालाई संस्थागत गर्न र सीमाङ्कनमा न्यायोचित संशोधन गर्न संघर्षरत रहन जिम्मेवारी थपिएको छ ।

संघीयताको नेतृत्व गर्ने प्रदेश २ को सफलता असफलतामाथि सिङ्गो संघीयताको सफलता असफलता निर्भर छ । दुनियाँभरिका संघीयताप्रेमी तथा संघीयताविरोधिहरू सबैको नजर प्रदेश दुईमाथि नै छ । त्यसकारण यस प्रदेशको प्रस्तुति, प्रक्रिया र परिणामले नै यो मुलुकमा संघीयताको औचित्य छ कि छैन भन्ने सावित गर्नेछ । यस्तो चुनौतिपूर्ण र जटिल परिस्थितिका बीच प्रदेश २ का सरकार, सत्तारुढ दल, प्रतिपक्ष, राष्ट्रभक्त कर्मचारी र आमजनसमुदायले समेत सकारात्मक भएर काम गर्नुपर्ने हुन्छ । कांग्रेस र नेकपा एमालेले पनि तत्काललाई पक्ष विपक्ष नहेरी संघीयताको यस सुरूवाती घडीमा संघीयतालाई संस्थागत गर्न एकमत र एकजुट भई अगाडि बढ्नु पर्नेछ किनभने भोली गएर मधेश असफल भयो भने सम्पूर्ण मधेशी जनसमुदायमाथि असफलताको ट्याग लाग्ने छ । यहाँ सवाल खाली जसपा र लोसपाको सफलताको मात्र छैन । सम्पूर्ण मधेश र मधेशी जनसमुदायको छ । मधेशलाई असफल पारेर मधेश भित्रका काँग्रेसीजन र कम्यूनिष्ट मधेशी कदापि सफल हुन सक्दैन । तसर्थ साझा संकल्पको रूपमा संघीयतालाई सफल बनाउने प्रण गरौं । हाम्रो सामुन्ने तत्कालै केही चुनौति तथा जटिलताहरू आउँदैछन् । त्यसको सामना वा समाधान साझा रूपमै गरौं, अब मधेश काठमाडौंले बनाउने जिम्मा पनि लिँदैन र बिगारेमा त्यसको अपजस पनि लिने छैन । त्यसकारण आऔं मधेश निर्माणमा जुटौं ।

**मधेश प्रदेश नाम**

प्रदेश सरकार, सत्तारुढ दल, प्रतिपक्ष, देशभक्त कर्मचारी र संघीयतावादी मधेशी जनसमुदाय समक्ष तत्काल सामना गर्नुपर्ने केही जटिल चुनौतिहरू आइरहेका छन् । त्यसको समाधान संयम र बुद्धिमानीपूर्वक गर्नुपर्ने हुन्छ । यी जटिलताहरूको बुद्धिमानीपूर्वक गरिने समाधानले नै भोलिको शान्त, समृद्ध, सुखी, अधिकार सम्पन्न र विकसित मधेशको भविष्य निर्धारण गर्नेछ ।

अहिले प्रदेश २ को प्रदेशसभमा प्रदेशको नाम र राजधानी सम्बन्धी प्रस्ताव दर्ता भएको छ । यससँगै प्रदेशसभामा गरमागरमी बहस र छलफल जारी छ । जनकपुरधाम लगायत प्रदेशको आठवटै जिल्ला र देशभरी चिया पसलदेखि चौक चौराहा र राजनीतिक बृतमा सरगर्मी छाएको छ ।

सात प्रदेशमध्ये पाँचवटा प्रदेशले आफ्नो नामाकरण र राजधानी तय गरिसकेको छ । मात्र प्रदेश १ र २ ले नाम तथा राजधानी तोक्न सकेको छैन । यसले प्रदेश २ सरकार उपर पनि दबाब श्रृजना गरेको छ । विगतमा निकै बहस, छलफल र निर्वाचन प्रक्रियामा समेत गएको तर सफल हुन नसकेको अति विवादित र संवेदनशील विषय हो यो । ऐतिहासिक पृष्ठभूमिको आधारमा विगतमा मिथिला, सिम्रौनगढ जस्ता नाम रहेको पाइन्छ ।

माओवादी जनयुद्धका बेला माओवादीहरूले राज्य पुनर्संरचना गर्दा यस भू-भागलाई भाषाको आधारमा मिथिला-भोजपुरा भनेर नामाकरण गरेको थियो । ऐतिहासिक मधेश विद्रोह र त्यसपछिका मधेश आन्दोलनहरूले पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्मको २२ जिल्लालाई मधेश भनेरै नामाकरण गरेको हो । जुन निकै नै स्थापित नाम हो । संविधानसभा दोस्रोताका राज्य पुनर्संरचना आयोगको बहुमतको प्रतिवेदनले नारायणीदेखि पूर्व झापासम्म पूर्वी मधेश र नारायणीदेखि पश्चिम कञ्चनपुरसम्मको भू-भागलाई पश्चिमी मधेश थरुहट भनि नाम सिफारिस गरेको थियो ।

हाल केही युवा अभियन्ताहरूले यस प्रदेश २ को नाम मध्यमधेश प्रदेश राख्नुपर्छ भनिरहेका छन् । तर मधेश विद्रोह, मधेश आन्दोलन दोस्रो र तेस्राको सबभन्दा लोकप्रिय नारा मधेश प्रदेश नै थियो । मध्यमधेश आयातित र अपरिपक्व चिन्तन हो । यसको नाममा मधेशको इतिहास भुगोल नबिगारौं । मधेशलाई विभाजन गर्ने बीउ नछरौं । मध्यमधेश नामाकरण गर्दा भोली गएर पूर्वी र पश्चिमी मधेशका कुरा उठ्न सम्भावना त्यतिकै बलियो देखिन्छ । जहाँसम्म पूर्वका झापा, मोरङ, सुनसरी र पश्चिमका परासीदेखि कञ्चनपुरसम्मको मधेशको भूगोलको सबाल छ, हामी त्यसका निम्ति थप संघर्ष गरौं । जसपाले अघि सारेको दश जोड एकको राज्य पुनर्संरचनाको खाकामा एकमत होऔं । तर यो मध्य मधेश, मध्य पश्चिम मधेश (नवलपरासीदेखि बर्दियासम्म) र सुदूरपश्चिम मधेश ( कैलाली-कञ्चनपुर) गरी विगतको राजतान्त्रिक प्रशासनिक ढाँचाको बाँडफाडको हिमायति नबनौं । वर्तमान राजनीतिकको सबभन्दा स्थापित शव्दावली मधेश हो । नेपाली राजनीतिकको एउटा पक्ष हो । विगत डेढ दशकदेखि सधैं चर्चाको शिखरमा रहयो मधेश । पूर्वमेचिदेखि पश्चिम महाकालीसम्मको भूगोल र जनताको एकताको परिचायक हो मधेश । भविष्यको चुनौतिको सामनासँगै समग्र मधेश र मधेशीको अस्तित्व र अस्मिताको रक्षा मधेश पहिचानले नै गर्नेछ । त्यसकारण वर्तमान प्रदेश दुईको नाम सर्वसम्मतिबाट 'मधेश प्रदेश' राख्नु नै सम्पूर्ण मधेश र मधेशी जनसमुदायको लागि श्रेयकर र हितकर देखिन्छ ।

**राजधानी जनकपुरधाम**

प्रदेश दुईको हाल अस्थायी राजधानी जनकपुरलाई तोकिएको छ । जनकपुरलाई राजधानी तोक्ने बित्तिकै वीरगंजमा आन्दोलन चर्कियो । त्यसलाई बुद्धिमानीपूर्वक मधेशवादी दल र नेतृत्वले मुख्यमन्त्री, सभामुख, संसदीय दलका नेता लगायत महत्त्वपूर्ण पद तथा जिम्मेवारीहरू दिएर तत्काललाई शान्त पाऱ्यो । तर स्थायी राजधानी तोक्ने बेलामा यस्ता संवेदनशील सवालहरूमा उत्तेजित नभई संयमित भएर सर्वस्वीकार्य र सर्वसहमतीय प्रक्रियाद्वारा राजधानी तोक्नु राम्रो हुनेछ । हतार हतारमा र हठमा यस्ता निर्णयहरू लिनु कदापि बुद्धिमानी मानिने छैन ।

सप्तरीदेखि पर्सासम्मको जनताको चित्त बुझाउने गरी निर्णय लिनुपर्छ । राजधानी सम्बन्धी निर्णय लिँदा संघीयताको मुख्य सिधान्त एक्सेस टु द नेसनको मुलमर्म र भावना अनुकुल नै लिनुपर्छ । आमजनताको पायक पर्ने ठाउँ रोज्नुपर्छ । त्यसपछि राजधानीको लागि चाहिने पूर्वाधार, ऐतिहासिक पृष्ठभुमी लगायतका अति महत्वपूर्ण तत्वहरु विद्यमान हुनुपर्छ नै । त्योभन्दा पनि राजनीतिक सहमति र स्वीकार्यता अति आवश्यक हुनजान्छ । यी र यस्ता सम्पूर्ण योग्यता, क्षमता र विशेषता अस्थायी राजधानी जनकपुरधाममा उपलब्ध रहेकोले र मध्यभागमा अवस्थित रहेकोले सबैको पायक पनि पर्ने भएकोले जनकपुरधामलाई नै राजधानी तय गर्नु उपयुक्त देखिन्छ ।

वर्तमान प्रदेशसभाका संरचना र अंकगणित हेर्दा जसपा, लोसपा र माओवादी एक कित्तामा अर्थात मधेश प्रदेश र राजधानी जनकपुरधामको पक्षमा देखिन्छ । सत्ताभित्रकै नेपाली काँग्रेस यो प्रस्तावको बिपक्षमा देखिन्छ । नेकाले मिथिला भोजपुरा नाम र जनकपुरधामलाई राजधानी प्रस्ताव गरेको छ । त्यस्तै नेकपा एस पनि जानकी प्रदेश र राजधानी जनकपुरधामको पक्षमा छ । यसरी हेर्दा नाममा जटिलता देखिएपनि राजधानी सजिलै पास हुने छाँटकाट देखिन्छ । नामको सवालमा तीन पक्ष देखिन्छ । जसपालाई आफ्नो प्रस्ताव पास गराउन सत्ताभित्रै सकस देखिन्छ । जसपालाई आवश्यक दुई तिहाईका लागि ६ मत अपुग छन् । जसको लागि सत्ता सहयात्री नेका र नेकपा एसमध्ये कुनै एकको समर्थन चाहिन्छ ।

**विकास र सुशासन**

हिन्दीमा एउटा कहावत छ, "नाम मे क्या रखा है" । अर्थात् नाम ठूलो र काम सानो । नाम मधेश प्रदेश र राजधानी जनकपुरधाम मात्रै राखेर हुँदैन । नाम अनुसारको काम पनि हुनुपर्छ । विकास, समृद्धि र सुशासनबारे कहिले काम थाल्ने ? कुनै बेला विकास, सुशासन र समृद्धिको केन्द्र मानिने मधेश अहिले जर्जर अवस्थामा पुगेको छ । देशभरि नै जनशक्ति आपूर्ति गर्ने मधेशको मानव सूचाङ्क पुच्छारमा पुगेको छ । शिक्षा, स्वास्थ, कृषि, बन, सिंचाई, रोजगार धरासयी बनेको छ । अन्धविश्वास र कुप्रथाले जड गाडेको मधेशमा चेतनास्तर शून्यमा झरेको छ । दहेज, धामी, झाँक्री, छुवाछुत लगायतका मानवीय कलंक जस्ता घटनाहरुले गर्दा मधेश बदनाम छ । यहाँको युवाहरूमा निराशा व्याप्त छन् । अधिकांश युवा जमात अर्धशिक्षित छन् र आफ्नो जीवनको महत्त्वपूर्ण समय र उर्जा खाडी मुलुकमा पसिनासँगै कौडिको भाउमा बेचिरहेका छन् । बाँकी मधेशमा रहेका युवाहरू कुलत र कुसंस्कारका शिकार भएका छन् । मधेशको बहुमत जनसंख्या (महिला) सामाजिक, राजनीतिक, शैक्षिक र आर्थिक गतिविधिबाट बञ्चित छन् ।

भूमिका विहीनताको अवस्थामा छन् । मधेशकै समथर र उब्जाउ भूमिका कारण कृषिप्रधान कहलिएको नेपालको यो भूभाग प्राकृतिक असन्तुलनका कारण वर्षेनी सुख्खा र दाहडको शिकार हुँदै आइरहेका छन् । गर्मीमा अत्यधिक गर्मी, चिसोमा अत्याधिक चिसो, बाढी पहिरो, आगलागी जस्ता प्रकोपले मधेश र मधेशी जनता आक्रान्त छन् । समयमा खेतमा पानी, बीउ, मल र अन्य कृषिजन्य सुविधाको अभावमा यहाँको उत्पादन दिनप्रतिदिन घट्दो छ । बजार व्यवस्था अस्तव्यस्त र चरम अनियमतताको दलदलमा फसेका छन् । वन जङ्गल लगभग विनास भइसकेका छन् । शिक्षा र स्वास्थ्य जस्तो जीवन धान्ने मूलभूत वस्तुहरू दिनप्रतिदिन कहाली लाग्दो अवस्थामा पुगिसकेको छ ।

सप्तरीदेखि पर्सासम्म न कुनै विश्वसनीय र भरपर्दो अस्पताल छ न त कलेज स्कुल नै छन् । भएका कलेजहरुपनि धारासायी भेसकेका छन् । भ्रष्टाचारले कदम कदममा अड्डा जमाएको छ । विकास र सुशासन लगभग समाप्तिको संघारमा छ । कागजी विकासको परम्परा हाबी छ । इमान्दारीताको खडेरी छ । यातायातको अवस्था जीर्ण छ । यस्तो समस्यै समस्या भएको भूभाग पर्सादेखि सप्तरी दुई प्रदेश अर्थात् मधेशमा विकास र सुशासनको कुरा गर्नुनिश्चय पनि चुनौतिपूर्ण छ ।

मधेशमा विकास र सुशासनको कुरा गर्नु फलामको च्यूरा चबाउनुसरह हो । तर भनिन्छ, 'मरता क्या नही करता' अब पनि मधेशमा विकास र सुशासन युगको सुरूवात भएन भने मधेश कहिल्यै उठ्न नसक्ने गरी धर्मराउँदै छ । कहिलेकाहीँ छरछिमेकबाट पनि सिक्नु पर्दछ । छिमेकी विहार यस्तै हुबहु परिस्थितिबाट गुज्रेको हो । विहारको अवस्था मधेशभन्दा अझै विकराल थियो तर इच्छाशक्ति र आत्मविश्वास भएपछि विकास र सुशासन सम्भव छ भन्ने कुराको प्रत्यक्ष उदाहरण लगभग हामी सबै पुगेको विहार बनेको छ र भारतकै राम्रो प्रदेशमा गनिन थालेको छ । मधेशको सरकारी स्कुल र सरकारी अस्पताल लगभग लगभग मृत्युसैया पुगिसकेका छन् । अर्थात् दुइवटा क्षेत्रमा व्यापक सुधार र अनुशासनको आवश्यकता छ । मधेश परिवर्तनको सुरूवात यहिबाट गरौं ।

मधेशी जनताले महसुस हुनेगरी कार्यप्रारम्भ गरौं । किसानलाई अविलम्ब राहत महसुस हुनेगरी योजना ल्याऔं । सिंचाईको भरपर्दो व्यवस्था गरौं, मलखाद्य र विउविजन चाहिएको बेला पुर्ति गर्न सकौं । कृषि साधनहरू सुलभ र अनुदानमा उपलब्ध गराऔं । खाडी मुलुक जान नसक्ने खासगरी महिला मजदुरहरूलाई प्राथमिकतामा राखेर पहिलो चरणमा एक जिल्ला एक ठूलो उद्योगको अवधारणास्वरूप कमसेकम दश हजार महिला काम गर्नसक्ने उद्योगहरू सञ्चालन गरौं । मधेशलाई प्राकृतिक प्रकोपबाट बचाउन र वातावरणीय सन्तुलन कायम गर्न एक स्थानीय तह एक बन नीति ल्याई नयाँ जीवन स्तरको थालनी गरौं । यहाँको यातायात ज्यादै नै जोखिमपूर्ण र असुरक्षित छन् । यसलाई व्यवस्थित र अनुशासित बनाउनुपर्दछ । खानेपानी स्वास्थ्यजनक छैन । अस्वस्थ र आर्सनिकयुक्त पानी खान मधेशी जनसमुदाय बाध्य छन् । तसर्थ स्वास्थ र सुविधाजनक तबरले पानी खान पाउने व्यवस्था गरौं । सामाजिक विकृतिको रूपमा भित्रिएको डिजे संस्कृति र अश्लील भोजपुरी मैथिली गीत बन्देज गरौं ।

अन्तयमा, मधेशी जनताको अपार आकाङ्क्षा, मधेश सरकारको सपना र विगतमा गरिएको असीमित प्रतिबद्धताहरू पुरा गर्नुको प्रदेश सरकारसँग विकल्प छैन । त्यति मात्र होइन, संघीयताको नेतृत्व गरेको मधेशी नेतृत्वको दलले संघीयता कति हदसम्म सफलताको सफलतम उदाहरण दुई प्रदेशलाई बनाउन सक्छ ? शैक्षिक, राजनीतिक, सामाजिक, आर्थिक, स्वास्थ लगायत सबै क्षेत्रमा पछाडी परेका र जताततै विकृति बेथितिले जरा गाडेका दुई नं प्रदेश भोली कसरी यति चुनौतिका घेराहरूलाई भत्काउदै विकास, समृद्धि र सुशासनको सपनालाई साकार पार्न सक्छ ? हरेक नेपाली जनताले हेर्न चाहेको छ । यि सबैका निम्ति जसपाको वैज्ञानिक ब्यबस्थापन, दीर्घायु तथा नेतृत्वपंक्तिको दुरदर्शिता अनिवार्य सर्त जस्तै छ । यसमा मधेश आन्दोलनका सयौं सहिद, हजारौं घाइते र लाखौं मधेशी जनसमुदायको सपना तथा भावना जुडेको छ । यसमाथि कहीँ कतैबाट घात प्रतिघात हुनुहुँदैन ।

*(लेखक प्रदेश नं. २ का प्रदेश साँसद तथा पूर्वराज्यमन्त्री हुन् ।)*

## मधेश अपडेट

### एमालेलाई उपेन्द्र यादवको आग्रह

रुपन्देही । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संसदको अवरोध हटाएर नागरिकता विधेयक पास गर्न एमालेलाई आग्रह गरेका छन् । पार्टीको जिल्ला समिति पश्चिम नवलपरासीले मंगलबार परासीमा आयोजित जनसभालाई सम्बोधन गर्न पुगेका यादवले नागरिकता विधेयक पास गर्नलाई भएपनि संसदको अवरोध हटाउन एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई आग्रह गरेका हुन् । संसदमा पेश भएको नागरिकता विधेयक पास हुन नसक्दा जन्मसिद्ध नागरिकका सन्ततीले नागरिकता पाउन नसकेको र मतदाता नामावलीमा समावेश हुन नसकेको उनले बताए । जन्मसिद्ध नागरिकता प्राप्त गरेका नागरिकहरुको समेत मतदाता नामावलीमा नाम समावेश नगरेको भन्दै उनले आक्रोश पोखे । विगतको ओली सरकारले गरेको गल्ती अहिलेको गठबन्धन सरकारले व्यहोर्नु परेको भन्दै त्यसलाई क्रमशः सुधार्दै लैजाने बताए । राजनीति अस्थिरता र भ्रष्टचार हटाउन संसदिय प्रणाली र निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक रहेको उनले औंलाए ।

### शान्ति समाजद्वारा छात्रवृत्ति प्रदान

विराटनगर । मानव अधिकार तथा शान्ति समाजले दलित समुदायका विपन्न परिवारका ३७ जना ६ कक्षामा अध्यनरत बालिका प्रत्येकलाई रु. १२ हजारका दरले रु.४ लाख ४४ हजारको छात्रवृत्ति प्रदान गरेको छ । मोरङ जिल्लाको थलाहामा मंगलबार आयोजित कार्यक्रममा कटहरी गाउँपालिका, थलाहास्थित श्री जनता मा.वि का २९ जना र धनपालथान गाउँपालिका दादर वैरियाको सरस्वती मा.वि.का आठ जना गरि ३७ जना बालिकालाई वर्ष २०७८ को छात्रवृत्ति रकम प्रदान गरिएको हो । 'छोरी पढाऔ : गरिमा बढाऔं' भन्ने आह्वानसहित मानव अधिकार तथा शान्ति समाजले प्रारम्भ गरेको बालिका छात्रवृत्ति अभियान अन्तगर्त पाँच वर्षसम्म अर्थात १० कक्षा पुगुन्जेल यिनै बालिकाहरुलाई रु. १२ हजारका दरले प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने छ । मोरङको थलाहास्थित श्री जनता मा.वि.मा २०७८ पुस १३ गते आयोजित छात्रवृत्ति हस्तान्तरण कार्यक्रममा बोल्दै समाजका सभापति गोविन्द खनालले शान्ति समाजको पाँच वर्षे बालिका छात्रवृत्ति अभियानबारे प्रकाश पार्दै यो अभियानले आर्थिक/सामाजिक रुपमा पछि परेकाहरुको उत्थानमा बल पुग्ने विश्वास व्यक्त गरे ।

### बयलबास घटनाको छानबिन गर्न समिति गठन

सर्लाही । सर्लाहीको ईश्वरपुरमा गत आइतवार प्रहरी भ्यानको ठक्करबाट एक युवकको मृत्यु भएको घटनाबारे छानबिन गर्न समिति गठन गरिएको छ । प्रदेश २ प्रहरी कार्यालय जनकपुरले बिहीबार प्रदेश २ दङ्गा नियन्त्रण प्रहरी गण ढल्केबर, धनुषाका प्रहरी उपरीक्षक (एसपी) ज्ञानेन्द्रप्रसाद फुँयालको नेतृत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरेको हो । समितिमा प्रदेश २ ट्राफिक प्रहरी कार्यालय पथलैया, बाराका प्रहरी नायब उपरीक्षक ( डीएसपी) सन्तुलालप्रसाद जैसवार, प्रहरी कार्यालय जनकपुरधाम, धनुषाका प्रहरी निरीक्षक (इन्सपेक्टर) गोविन्दलाल कर्ण, सोही कार्यालयमा कार्यरत प्रहरी नायब निरीक्षक (सइ) प्रेमकुमार साह र सङ्घीय प्रहरी इकाई कार्यालय जनकपुरधाम, धनुषामा कार्यरत प्रहरी हवल्दार प्रमोदकुमार साह सदस्य छन् । छानबिन समितिलाई दुर्घटनाको सम्वन्धमा सत्य-तथ्य बुझेर अविलम्ब प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ । गएको आइतवार ईश्वरपुर नगरपालिका-७, स्थित नगरपालिका कार्यालय नजिकै गस्तीमा रहेको इलाका प्रहरी कार्यालय केशरगञ्ज, बयलबासको भ्यानले ठक्कर दिँदा ना ४३ प ५०१८ मोटरसाइकल चालक ईश्वरपुर नगरपालिका- ५, सखुबनी खुबलाल टोलका ३० वर्षीय रामकुमार महतोको मृत्यु भएको थियो । घटनापछि स्थानीयवासी आन्दोलित बनेका थिए । बुधबार लालबन्दीमा पीडित पक्ष, अन्य सरोकारवाला र सुरक्षा अधिकारीबीच भएको छलफलबाट घटनाको सम्वन्धमा अनुसन्धान गर्न समिति गठन गर्ने, मृतकको परिवारलाई राहतस्वरुप १० लाख रुपियाँ उपलब्ध गराउन गृह मन्त्रालयमा सिफारिस गर्ने लगायत छ बुँदे सहमति भएपछि आन्दोलन रोकिएको छ । सोमवार र मङ्गलवार तनावग्रस्त बनेको बयलबास बजारक्षेत्रको अवस्था बुधबारदेखि सामान्य छ । स्थानीय प्रशासनले बजार क्षेत्रको निषेधाज्ञा भने हटाएको छैन् । प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले बिहीबार बेलुका ७ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको जानकारी दिए । बयलबास बजार क्षेत्रमा अहिले पनि ठूलो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको छ ।

### ढल्केबरमा विद्युत प्रसारण प्रणाली जोडियो

जनकपुरधाम । धनुषामा सौर्य विद्युत आयोजनाको एक मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । धनुषाको मिथिला नगरपालिका १ स्थित ढल्केबर सौर्य विद्युत आयोजनाको राष्ट्रिय प्रसारण प्रणालीमा अपी पावर कम्पनीले निर्माण गरेको सौर्य विद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको हो । आयोजनाको विद्युत ११ केभी प्रसारण लाइनमार्फत दुई किलोमिटरको दुरीमा रहेको ढल्केबर सबस्टेसनमा जोडिएको छ । आयोजनाले उत्पादन गरेको विद्युत प्रतियुनिट ७.३० रुपैयाँमा नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने जनाइएको छ । कम्पनीले साढे चार बिघा क्षेत्रफलमा चार सय वाटका दुई हजार ६८८ वटा सौर्य प्यानल राखेर विद्युत उत्पादन गर्न आयोजना निर्माण गरेको छ । व्यापारिक विद्युत उत्पादन गर्ने उद्देश्यले निजी लगानीमा सञ्चालनमा आएको सौर्य विद्युत आयोजना गरिएको हो । सौर्य विद्युत आयोजना प्रसारण प्रणालीमा जोडिएपछि धनुषाको विद्युत वितरण प्रणालीमा सुधार भई यहाँका उद्योगहरूमा सहज ढंगले दिगो र गुणस्तरीय विद्युत प्रवाह हुने अपी पावर कम्पनीका अध्यक्ष गुरुप्रसाद न्यौपानेले जानकारी दिए ।

### मुसहरले अझै लगाएनन् खोप

महोत्तरी । महोत्तरीका मुसहर समुदायले अझै कोरोनाविरुद्धको खोप लगाउन पाएका छैनन् । सरकारले कोरोना रोकथामका लागि खोप अभियान तीव्र बनाए पनि पर्याप्त प्रचारप्रसारको कमीले मुसहर समुदाय खोप लगाउनबाट वञ्चित भएका हुन् । 'खोप अभियान कहाँ चलाइएको छ भन्नेसम्मको जानकारी नहुँदा हाम्रो समुदाय खोप लगाउनबाट वञ्चित बनिरहेको छ' सुनिल सदाले भने । अनुकूल भएसम्म बस्तीमै पुगेर खोप अभियान चलाइदिन पनि मुसहर समुदायको अपिल छ । जिल्लाकै सबैभन्दा बढी जनसंख्या भएको बर्दिबासस्थित नमुना बस्तीमा बसोबास गर्ने मुसहरहरूले अहिलेसम्म कोभिडविरुद्धको खोप लगाउन पाएका छैनन । बर्दिबासमा १५२ घरधुरी बसोबास गर्दै आएका छन् । पछिल्लो समय मोडर्ना खोप १२ देखि १७ वर्ष उमेर समूहलाई विद्यालयमै पुगेर लगाउन अनिवार्य गरिएको छ । तर विद्यालयमा समेत नियमित उपस्थित हुन नसक्ने मुसहर समुदायका बालबालिकाहरू मोडर्ना खोप लिनबाट वञ्चित बनेको स्वास्थ्यकर्मीहरूले जनाएका छन् । अहिलेसम्म जिल्लाको १५ वटै स्थानिय तहमा झन्डै ५४ प्रतिशत जनसंख्याले खोप लगाइसकेका छन् । तर मुसहर बस्तीका मुसहरहरूले खोप लगाउन पाएका छैनन् । मुसहर समुदायका लागि बस्तीमै पुगेर खोप अभियान चलाउन स्थानीयको माग छ । बर्दिबास नगरपालिकाले एक वडा एक स्वास्थ्यकर्मी परिचालन गरेको छ । सर्वसाधारणहरूको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै स्वयंसेवकसहित स्वास्थ्यकर्मी परिचालन गरिएको नगरपालिकाले जनाएको छ ।

### सस्तोमा उखु बेच्न किसान बाध्य

रुपन्देही । सरकारले मूल्य निर्धारण नगर्दा उखु किसानले सस्तो मूल्यमा उखु बिक्री गर्न थालेका छन् । उखु क्रसिङ सिजनको एक महिना बित्दासमेत सरकारले मूल्य निर्धारण नगरिदिएपछि चिनी मिल सञ्चालकहरूले तोकेकै मूल्यमा किसानहरुले उखु बेच्न बाध्य भएका हुन् । सरकारले मूल्य निर्धारण नगर्ने हो भने किसानले ठूलो घाटा व्यहोर्न बाध्य हुने उखु उत्पादक कृषक संघ नवलपरासीका अध्यक्ष उमेशचन्द्र यादवले बताए । चिनी मिल तथा भेली क्रसर उद्योगहरूमा किसानले उखु क्रसिङका लागि लैजान थालेको एक महिना बित्दा पनि सरकारले मूल्य निर्धारणमा चासो नदिएको यादवको भनाइ छ । अहिले किसानहरूले प्रति क्विन्टल ४०० रुपैयाँमा उखु बिक्री गरिरहेका छन् । सरकारले मूल्य नतोक्दा यसको फाइदा चिनी मिल तथा भेली क्रसर उद्योगहरूले लिइरहेका छन् । किसानहरुले प्रति क्विन्टल ६२५ रुपैयाँ मूल्य तोक्न सरकारसँग माग गरेका छन् । सरकारले गतवर्ष उखुको मूल्य प्रति क्विन्टल ५४४ रुपैयाँ निर्धारण गरेको थियो । लागतको मूल्यांकनका आधारमा मात्रै मूल्य निर्धारण गरिनुपर्ने किसानहरुको माग छ । नवलपरासीमा १० लाख क्विन्टल उखु उत्पादन हुने अनुमान गरिएको छ । यहाँ कुल साढे सात हजार हेक्टर क्षेत्रफलमा उखु खेती हुँदै आएको छ । अध्यक्ष तर, अहिले भने क्षेत्रफल घटेर साढे पाँच हजारमा खुम्चिएको छ । ३२ लाख क्विन्टल उखु उत्पादन हुने जिल्लामा अहिले घटेर १० लाख क्वीन्टलमा झरेको छ ।

# तराई-मधेश लोकतान्त्रिक पार्टीको आवश्यकता किन ?



**रविशंकर कुमार कर्ण**
संयोजक
तराई मधेश लोकतान्त्रिक पार्टी

आदरणीय साथीहरू,

१. 'तराई-मधेश लोकतान्त्रिक पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ र दलको रुपमा वैधानिकता प्राप्त गररिसकेको छ । यस अवसरमा अत्यन्त हर्षका साथ सबै साथीहरूमा हार्दिक अभिवादन र बधाई प्रस्तुत गर्दछु । तर वास्तवमा, यो तमलोपालाई पुनः सजीव गर्ने, पहिचान-सम्मान-स्वाभिमानको मधेशी जनताको चाहनाको निमित्त प्राणोत्सर्ग गर्ने प्रातःस्मरणीय अमर शहीदहरू र हजारौं मधेशी आन्दोलनकारीहरूको प्रतिवद्धतालाई छातीमा राखेर प्रभुसत्तामा हिस्सेदारीको निमित्त अटूट आस्थाका साथ एकत्रित गर्ने सद्प्रयास मात्र नभई, अभूतपूर्व ऐतिहासिक आन्दोलनको दौरान र पछिको राजनीतिक यात्राक्रममा मधेशवादप्रति दृढ र संकल्पित अन्य सबै सहयात्री साथीहरूलाई समेत ऐक्यबद्ध गरी पुनः नयाँ ऊर्जा र प्रतिबद्धताका साथ गन्तव्य लक्षित मार्गचित्र निर्माण गर्ने अठोट पनि हो ।

२. जन आन्दोलन लगायत विभिन्न अधिकारवादी आन्दोलनहरु पश्चात नेपालमा महत्वपूर्ण राजनीतिक परिवर्तनहरु भएका छन् तर तीनलाई परिणाममुखी, न्यायपूर्ण र समावेशी बनाउनका लागि निरन्तर आन्दोलित रहिरहनु परेको छ, अमूल्य शाहादतहरू दिनु परेको छ । मधेशको निर्णायक आन्दोलन र ८ बूंदे सम्झौता पश्चात राजनीतिक शक्तिहरू बीच सहमतिको दस्तावेजको रुपमा अन्तरिम संविधानले सर्वस्वीकार्यता प्राप्त गर्यो र त्यसैको आधारमा संविधानसभाको निर्वाचन भयो । आन्दोलनकै दबाबले प्रथम संविधानसभाले संघीयतालाई मूर्तरूप दिने प्रयास पनि गर्यो । तर, सर्वसत्तावादीहरुको षडयन्त्रले प्रथम संविधानसभा असफल भयो । दोश्रो संविधानसभाले जनताका विभिन्न आन्दोलन एवं सम्झौताहरुलाई उचित सम्मान दिन सकेन । परिणामस्वरुप न्यायपूर्ण मानवीय अधिकारहरुका लागि मधेशी जनतालाई पुनः सडक संघर्ष र अहिंसक आन्दोलनमा आफूलाई झोक्नु पर्यो, वीर मधेशीहरूको शहादतको श्रृंखलाले आन्दोलनको रापताप झन-झन उच्च पारिरह्यो । तर, क्रूर



शासकवर्गले निर्ममतापूर्वक दमन बाहेक जनताको आकांक्षा सम्वोधन गर्न चाहेन । दोस्रो संविधानसभाले संगीनको नोकमा संविधान जारी गर्यो र त्यहाँदेखि नै मधेशवादी आन्दोलन तथा यसद्वारा सृजित ऊर्जा र राजनीतिक शक्तिलाई निस्तेज पार्ने वर्चस्ववादीहरूको दुष्प्रयास निरन्तरता पाएको छ ।

३. हुन त मधेश आन्दोलनमा सहभागी विभिन्न राजनीतिक दलहरूको एकताको प्रयास पनि भएको हो तर यी प्रयासहरु मात्र कागजी रहेका स्पष्टतः साबित भएका छन् र सबै आन्दोलनका मुद्दाहरूलाई बेवास्ता गरी सत्तामुखी बाटो नै अपनाएका छन् । विगतमा सत्तालोलुपताको निमित्त आफ्नो मुद्दा र प्रतिवद्धता ताकमा राख्ने, विरोधी वर्चस्ववादी यथास्थितिवाद, उग्रराष्ट्रियता, अनि मधेशी, मुस्लिम र थारुलाई विदेशी मानी समानताको सिद्धान्त विपरित मधेशी, मुस्लिम र थारू लगायत राज्यबाट बहिष्कृतहरुका सबै किसिमका अधिकारहरूप्रति नकारात्मक मानसिकता राख्ने शक्तिहरूसंग मिलेर जाने, मिसिने जस्ता आन्दोलन विरोधी भयंकर गल्तीहरू गरेका छन् । तराई-मधेश लोकतान्त्रिक पार्टीको सजीवनको प्रयास यी सबै गल्तीहरूको संशुद्धिकरण र प्रतिवद्ध मधेशी-थारुहरूको एकता र सशक्तिकरणको आग्रह हो । आन्दोलन र आन्दोलनको कारणले जनताले दिएको विश्वास तथा जिम्मेदारी जस्तो महत्वपूर्ण नासोको स्वार्थ र भष्टाचारको भुमरीमा परेर भइरहेको कुठाराघात विरुद्ध संघर्षको बिगुल हो ।

४. तराई-मधेश लोकतान्त्रिक पार्टी वृहत् राजनीतिक शक्तिको निर्माणको निर्विकल्प आवश्यकतामाथि अटूट विश्वास राख्दछ । सत्ता र सरकारको मृगमरिचिका अहिले यतिसम्म हावी भएको छ कि यस निर्विकल्प आवश्यकताको ठीक विपरित अहिले नेपालमा मधेशी र थारूहरूको आफ्नै राजनीतिक शक्ति पनि रहन नदिइएको अवस्था छ । 'मधेशी' शब्द राजनीतिक दलको नाममा राखिनु अराष्ट्रिय गतिविधिझैं मानिएको छ । तमलोपा यससंग स्पष्टतः विमति राख्दछ ।

५. क्षेत्रीय मुद्दा, क्षेत्रको आवश्यकता र समाधानका उपायहरू पहिचान गर्ने, पहिचान गर्न वाध्य गराउने राजनीतिक ताकत नै भएन भने पहिचानको संघर्षको नाराको के अर्थ हुन्छ ? संघीय शासन व्यवस्था भनेको आ-आफ्नो क्षेत्रमा स्वशासनको अधिकार र संघमा विविधताको एकजूटता सहित सबैको संयुक्त सह-शासनको व्यवस्थापन हो । त्यसकारण, क्षेत्रीय मुद्दाहरूका निमित्त लड्ने शक्ति नै भएन भने संघीयता महज ढकोसला मात्र हुनेछ । तमलोपा यस वास्तविकतालाई आगाडि सार्दै बढ्ने अठोट गरेको छ ।

क्षेत्रीय मुद्दा भनेको क्षेत्रीय आवश्यकता अनुसार प्रदेशहरूका आ-आफ्नै उपयुक्त अल्पकालिन र दिर्घकालिन योजनाहरू हुनु र त्यसको जिम्मेवारीपूर्वक कार्यान्वयन पनि हो । यसले प्रदेशहरूमा सन्तुलित, योजनावद्ध तथा स्थायी विकास सुनिश्चित गर्दछ । रोजगारका अवसरहरू श्रृजित गर्दछ । कृषि र औद्योगिक विकास र उर्जाको आत्मनिर्भर्ताको व्यवस्था हुन्छ । अनि मात्र स्वशासनको वास्तविक उपलब्धिहरु प्राप्त हुन सक्दछन् । संघीय संरचनामा प्रवेशले थोरै मात्र समानीकरणको वातावरण सृजित गरे पनि हाम्रा आर्थिक गतिविधिहरू बढे तर योजनावद्ध भने भएनन् । जनताले दिएको जिम्मेवारीको पालना इमानदारीपूर्वक र पारदर्शिताले गरिएन । जिम्मेवारी पाएकाहरू खरीद, कमीशन र व्यक्तिगत लाभको मानसिकताले कार्य गरे । तमलोपा यस्ता प्रत्युत्पादक मानसिकता विरुद्ध संघर्ष गर्नेछ । जनचेतनाको स्तर वृद्धि गर्नेछ ।

६. मधेशी-थारुहरुको राजनीतिक शक्ति भनेको अर्थात मधेसी-थारु पहिचान भनेको मधेशी-थारुको रुपमा संगठित हुनु हो । तर, राजनीतिक दलहरूमा चरम जातवादको बोलबाला भएको सबैले महशूस गरेकै हन पर्दछ । तमलोपा यस विरुद्ध पूर्णतः समर्पित रहनेछ । लोकतन्त्रप्रति प्रतिवद्धता तथा समर्पण हाम्रो मान्यताको केन्द्र हो । लोकतन्त्र र लोकतन्त्रमा विभेदरहित समान नागरिक अधिकारको विकल्प छैन । पार्टी सञ्चालनमा आन्तरिक लोकतन्त्र, संस्थागत कार्यविधि, पारदर्शिता र जबाफदेहिताप्रति केन्द्रित रही हरेक स्थितिमा समावेशितामाथि जोड दिनेछौं र मूलमन्त्र मानी आगाडि बढ्ने छौं ।

विगतका कमीकमजोरीहरूलाई त्यागेर आफ्नो आत्मसमीक्षा गर्दै नयाँ अभियानमा सम्मिलित हन सबै परिवर्तनकामी आन्दोलनकारी दीदीबहिनी दाजुभाईमा अनुरोध गर्दछौं । अमर शहीदहरूले हामीलाई निश्चय नै उर्जा प्रदान गर्नेछन् ।

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### प्राविधिक विश्वविद्यालय सम्बन्धी अध्यादेश स्वीकृत

जनकपुरधाम । प्रदेश नं. २ मा प्राविधिक विश्वविद्यालय सम्बन्धी अध्यादेश बहुमतले स्वीकृत भएको छ । आइतबार बसेको प्रदेश सभाको बैठकमा सामाजिक विकासमन्त्री नवलकिशोर साहले उक्त अध्यादेश स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । बहुमत सांसदले प्राविधिक विश्वविद्यालय सम्बन्धी अध्यादेशलाई स्वीकृति दिएको हो । यसअघि ८ पुसमा बसेको प्रदेश सभा बैठकमा कृषि विश्वविद्यालय सम्बन्धी प्रस्ताव बहुमतले स्वीकृत भएको थियो । राजविराजमा कृषि र वीरगञ्जमा प्राविधिक विश्वविद्यालय स्थापना गर्न केहि दिनअघि प्रदेश सरकारले अध्यादेश ल्याएको थियो । राजविराजमा कृषि विश्वविद्यालयको कार्यालय स्थापना भइसकेको छ भने वीरगंजमा प्राविधिक विश्वविद्यालय सञ्चालनको तयारी भइरहेको छ ।

### चोरीपैठारीको लत्ताकपडा तथा सूर्ति बरामद

रौतहट । जिल्लाको राजदेवी नगरपालिका ७ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव ३ लाख ७४ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा तथा सुर्ती बरामद गरेको छ। भारतबाट अवैध रुपले ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गणले बरामद गरेको हो । यसैगरी सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण झापाले पौष ११ गते करीव २ लाख ६९ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा, किराना सामान तथा सुर्ती बरामद गरेको छ। भन्सार छली ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरीले झापा जिल्लाको झापा गाउँपालिका ५ स्थित सीमा ईलाकाबाट बरामद गरेको हो ।

### विभिन्न लागूऔषधसहित युवक पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ स्थित सडकबाट कैलाली लम्किचुवा नगरपालिका-४ बस्ने २४ वर्षीय कर्ण बोगटीलाई विभिन्न लागूऔषधसहित पक्राउ गरिएको छ । नियन्त्रित लागूऔषध २ सय १५ पिस फेनिरामाइल एभिल, १० पिस नाईट्राभेट र २ सय १० पिस ट्रामाडोल सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो ।

### एटिएम मेसिन तोडफोड गर्ने पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-३ कंचनबारीस्थित माछापुच्छ्रे बैंकको एटिएम मेसिन तोडफोड गरेको अभियोगमा एक युवक फत्रउा परेका छन् । रतुवामाई नगरपालिका-५ बस्ने २१ वर्षीय पारस कालिकोटेलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । एटिएम मेसिन तोडफोड भईरहेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङ, प्रहरी चौकी बरगाछी र सिआरभि पोष्ट भट्टाचोकबाट खटिएको प्रहरीले तोडफोडमा संलग्न उनलाई पक्राउ गरेको हो ।

### जन्ती बोकेको गाडी दुर्घटना

रौतहट । रौतहटमा जन्ती बोकेको गाडी दुर्घटनामा हुँदा पाँच जनाको मृत्यु भएको छ । चन्द्रपुर-गौर सडक खण्ड अन्तर्गत जन्ती बोकेको सवारी दुर्घटनामा परेको प्रहरीले जनाएको छ। भारतीय बीआर ०५ पीए ६९५३ नम्बर प्लेटको रातो स्कारपियो दुर्घटना हुँदा चारजनाको मृत्यु भएको र तीन जनाको अवस्था गम्भीर रहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए। उनका अनुसार सबै भारतीय नागरिक रहेको बुझिएको छ। मृतकको शव पोस्टमार्टमको लागि ग्रान्डी अस्तालमा तीन जनाको र एक जनाको हेल्थ लाइन अस्पताल गरुडामा राखिएको छ । गाडीमा सात जना सवार थिए ।

### करीब १ सय ५० के.जी. गाँजा बरामद

पर्सा । पर्सा जिल्लाको पोखरिया नगरपालिका ३ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव १ सय ५० के.जी. गाँजा बरामद गरेको छ । सोही ठाउँमा रहेको बा ५ च ६५५३ नम्बरको पिकअप गाडीमा शंका लागि जाँच गर्दा उक्त गाँजा सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीले बरामद गरेको हो ।

### १६ किलो चरेससहित दुई जना पक्राउ

कैलाली । चुरे गाउँपालिका-५ बेल्चापलानस्थित सडकबाट करिब १६ केजी अवैध लागूऔषध चरेस जस्तो देखिने पदार्थसहित दुई जना पक्राउ परेका छन् । बझाङ, बुङ्गल नगरपालिका-११ देउलीकोट बस्ने २८ वर्षीय  बिर बोहरा लगायत २ जनालाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ। से.१ ज ७१८ नम्बरको जिपलाई सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र अस्थायी प्रहरी पोष्ट खानिडाँडाबाट खटिएको सयुक्त टोलीले जाँच गर्ने क्रममा उक्त लागूऔषध फेला पारी जिप चालक बोहरा लगायत २ जनालाई जिप सहित पक्राउ गरेको हो ।

### ट्रकले कारलाई ठक्कर दिादा एकको मृत्यु

कपिलवस्तु । वाणगंगा नगरपालिका-१ दर्वास्तस्थित सडकमा बा.६ च ११६४ नम्बरको कारलाई ना.४ ख ८१६३ नम्बरको ट्रकले ठक्कर दिंदा एक जनाको मृत्यु भएको छ। ना.५ ख ३३८७ नम्बरको बसमा कार ठक्कर खाई मंगलबार राति दुर्घटना हुँदा कारका चालक वाणगंगा नगरपालिका-२ बस्ने ३५ वर्षीय अनुराग पाण्डेको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा घाइते भएका कारमा सवार २ जना र बसमा सवार १ जनाको मेडिकल कलेज भैरहवामा उपचार भइरहेको छ । ट्रक र बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### विद्युत सर्ट भइ आगलागी

मोरङ । मिक्लाजुङ गाउँपालिका-४ आमबोटे बस्ने राजकुमार लिम्बुको घरमा बिद्युतको लाईन सर्ट भई बुधबार बिहान आगलागी भएको छ । आगलागीबाट घर, अन्नपात, लत्ताकपडा, भाडाबर्तन, कागजपत्र समेत जलेर करिब ७ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ। प्रहरी र स्थानीयबासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### लागूऔषधसहित पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट जुम्ला गोठिचौर गाउँपालिका-५ बस्ने १९ वर्षीय दिनेश नेपालीलाई नियन्त्रित लागूऔषध ५१ ट्याब्लेट नाईट्राभेट, ४० ट्याब्लेट ट्रामाडोल र १० ट्याब्लेट एनटि टेन सहित बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ । जमुनाहस्थित चेकपोष्टमा ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### नियन्त्रित लागूऔषधसहित पक्राउ

पर्सा । वीरगञ्ज महानगरपालिका-१५ स्थित सडकबाट सोही महानगरपालिका-१३ मुर्ली बस्ने १९ वर्षीय बिक्रम सर्राफलाई नियन्त्रित लागूऔषध ३ सय ५० एम्पुल नुफिन, ३ सय ५० एम्पुल डाइजेपाम र ३ सय ५० एम्पुल फेनारगन सहित मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा बिक्रमले बोकेको झोलाभित्र प्लाष्टिकमा लुकाइ ल्याएको उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। उनी उपर लागूऔषध सम्बन्धी मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### कृषि फर्ममा आगलागी

पर्सा । पर्सागढी नगरपालिका-५ स्थित हरदिया एकिकृत एग्रो कृषि फर्ममा बिद्युत सर्ट भई शनिबार दिउँसो आगलागी हुँदा करिब ३ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । प्रहरी, स्थानियबासी र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# नेपाली कांग्रस प्रदेश २ को ७० सदस्यीय कार्यसमिति

कृष्ण प्रसाद यादव : सभापति
वीरेन्द्र प्रसाद सिंह : उपसभापती
चन्द्रशेखर यादव : उपसभापती
उपेन्द्र कुमार यादव : महामन्त्री
बृहस्पति कृष्ण श्रेष्ठ : महामन्त्री
जय नारायण प्रसाद यादव : सहमहामन्त्री
परशुराम चौधरी विजयी : सहमहामन्त्री
बिन्दु कुमारी यादव : सहमहामन्त्री

खुल्लामा जितेका १४ सदस्य :
नरेन्द्र यादव
जिवनाथ चौधरी
प्रेम शंकर सिंह
बासुलाल महतो
मो.अख्तर अली
राजकिशोर यादव
राजेश गिरी राजु
रामबाबु साह
लक्ष्मण प्रसाद ठाकुर
शिव नारायण यादव
सुरेश ठाकुर हजाम
सुरेश लाल कर्ण
सुर्य बहादुर थापा
हरिनारायण साह तेली

विभिन्न कोटा तथा समूहमा जितेका सदस्यहरु :
पाण्डव मण्डल सिरहा
प्रदिप कुमार यादव धनुषा
सुनिल ठाकुर महोत्तरी
धर्मलाल राय सर्लाही
अरुण साह रौतहट
नितेन्द्र प्रसाद साह पर्सा
रेखा यादव सिरहा
भावना ढुङ्गेल घिमिरे धनुषा
जशोधा कुमारी सर्लाही
सिता कुमारी मैनाली बारा
अर्चना चौधरी
नितु झा
पार्वती देवी माझी
ममता महतो
राजश्री यादव
सिता कुमारी पासवान
बुनेल राल
भुवनेश्वर साफी
मदन बहादुर विक
प्रमिला कुमारी सादा
बिन्दा कुमारी पासवान
उदय नारायण चौधरी
शान्ति कुमारी सिंह
मो.ताल अली अन्सारी
मो.अतिउर रहमान पप्पु
प्रमेश पोखरेल
बालेश्वर मण्डल
नुरुन नेसा
नेजमा खातुन
पिंकी सिंह
रचना श्रेष्ठ माथेमा
रेखा कुमारी यादव
बिन्दा कार्की
शिवकुमारी साह
अच्छेलाल यादव
गुदर यादव
रामाकान्त प्रसाद चौरसिया
लोकनारायण यादव
सञ्जय कुमार चौरसिया
सरोज कुमार यादव
शितल प्रसाद यादव
राजदा खातुन
नितेश कुमार गुप्ता

निर्विरोध पाँचजना सदस्यहरु
आशाराम चौधरी
बिमला देवी साह
उषा देवकोटा
किरण कुमारी शर्मा
मनमाया तामाइनी

५ जना निर्विरोध र ६५ जना मतदानबाट गरी ७० सदस्सीय समितिले पूर्णता पाइसकेको छ भने नवर्निवाचित सभापतीले सदस्यमा निर्वाचित मध्येबाट एकजना कोषाध्यक्ष चयन गरेपछि ७१ सदस्सीय समितिले पूर्णता पाउने छ ।

# चिसोबाट जोगाउन प्रदेश २ सरकारले सुरु गऱ्यो तयारी

जनकपुरधाम । अत्यधिक चिसो बढेसँगै प्रदेशवासीलाई जाडोबाट जोगाउन प्रदेश २ सरकारले आवश्यक तयारी थालेको छ । वर्षासँगै चिसो बढेपछि प्रदेश २ सरकारले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमार्फत जाडो प्रभावितका लागि योजना बनाउन तयारी थालेको हो । आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साहले भने, 'चिसोबाट प्रभावितलाई न्यानो लुगा र कम्बल वितरणको तयारी सुरु गरेका छौं, केही दिनभित्रै वितरण गर्नेछौं ।'

यसवर्ष चिसोका कारण कुनै किसिमको मानवीय क्षति हुन नदिन न्यानो लुगासँगै काठ दाउरा वितरणसँगै अन्य अति आवश्यक कुरा मिलाइरहेको मन्त्री साहको भनाइ छ ।

शीतलहरबाट सबैभन्दा बढी जोखिममा विपन्न गरिब परिवार मारमा पर्ने भएकाले त्यसलाई लक्षित गरी पूर्वतयारीमा जोड दिएको उनले बताए । विगतमा जाडो बढेपछि चोक-चोकमा आगो बाल्न दाउराको व्यवस्था हुँदै आएको छ र यस पटक पनि स्थानीय प्रशासनसँग छलफल गरेर तयारी गरिरहेको मन्त्री साहको भनाइ छ ।

बर्षेनी चिसोबाट प्रदेश २ मा करिब १५ प्रतिशत नागरिक प्रभावित हुने गरेको प्रदेश नीति तथा योजना आयोगले जनाएको छ । 'प्रदेशको कूल जनसङ्ख्यामध्ये करिब १५ प्रतिशत जनसङ्ख्या दलित, विपन्न छन्, ती सबै चिसोबाट प्रभावित हुने गरेका छन्,' प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष भोगेन्द्र झाले भने, 'अधिकांशसँग चिसोबाट जोगिन ओढ्ने, ओछ्याउने न्यानो लुगा हुँदैन, त्यसैले चिसोबाट कतिपयले ज्यान समेत गुमाउने गर्छन् ।'

पछिल्ला चार वर्षमा चिसोका कारण प्रदेश २ मा ७४ जनाको मृत्यु भइसकेको छ । गत वर्ष मात्रै चिसोका कारण प्रदेश २ मा १० जनाको मृत्यु भएको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

## जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।
२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।
३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।
४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगीहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।


# प्रधानमन्त्री देउवा भारत भ्रमणमा जाने



काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा पुसको अन्तिम साता भारत भ्रमणमा जाने भएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पत्र लेखेर आमन्त्रण गरेपछि देउवा भारत भ्रमणमा जान लागेका हुन् ।

भाइब्रेन्ट गुजरात शीर्षकको सम्मेलनमा सहभागी हुनका लागि भारतीय प्रधानमन्त्री मोदीले देउवालाई निम्तो दिएका हुन ।

विभिन्न देशका प्रधानमन्त्री लगायत शीर्ष नेताहरुको उपस्थिति रहने सम्मेलनमा नेपालका प्रधानमन्त्री देउवा र परराष्ट्रमन्त्री डा. नारायण खड्कालाई निमन्त्रणा आएको छ । सम्मेलन २०२२ को जनवरी १० देखि १३ सम्म गुजरातमा आयोजना हुँदैछ । प्रधानमन्त्री र परराष्ट्रमन्त्री दुवै सहभागी हुने गरी परराष्ट्र मन्त्रालयले तयारी अगाडि बढाएको छ ।

भारतमा ओमिक्रोम भेरियन्टका कारण भाइब्रेन्ट गुजरात सम्मेलन प्रभावित बन्न सक्ने आकलन भारतमा गरिएको छ । द्वीपक्षीय भ्रमण नभएकाले यदि सम्मेलन स्थगित भयो भने देउवाको भ्रमण पनि रद्द हुनेछ ।

गत कात्तिकमा बेलायतको ग्लास्गोमा भएको जनवायु परिर्वतनसम्बन्धी सम्मेलन 'कोप-२६' का क्रममा भएको भेटमा दुई देशका प्रधानमन्त्रीले भ्रमणको निम्तो दिएका थिए । नेपाली कांग्रेसको सभापतिमा पुनः निर्वाचित भए लगतै देउवा भारत जान लागेका हुन् ।

# नेपाल–भारतका सुरक्षा अधिकारीबीच समन्वयात्मक बैठक

काठमाडौं । भारत पिथौरागढको जोलजीविमा नेपाल-भारतका सुरक्षा अधिकारीबीच समन्वयात्मक बैठक बसेको छ । सीमामा हुने गतिविधि र सीमा अपराध नियन्त्रणलगायतका विषयमा दुवै देशका अधिकारीबीच बिहीबार समन्वयात्मक बैठक बसेको हो । जोलजीविस्थित सीमा सुरक्षा बल (एसएसबी) को क्याम्पमा भएको बैठकमा सातवटा एजेण्डामा छलफल भएको छ । त्यसअनुसार बैठकको पहिलो एजेण्डा नेपाल-भारत प्रवेश गर्नेहरुको परिचयपत्र पहिचान गर्नुपर्ने राखिएको छ । तेस्रो मुलुकका नागरिक भित्रिए/नभित्रिएको जानकारीका लागि दुवै देशका सुरक्षा निकायले सीमामा परिचयपत्र निगरानीमा कडाइ गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

सीमा पुल खोल्ने विषयमा दुवै देशका सुरक्षा निकायबीच समन्वय गर्नुपर्नेमा बैठकले जोड दिएको छ । नेपाल-भारतसँग जोडिएका सबै झोलुङ्गे पुलबाट आवतजावत गर्ने नागरिकलाई कोरोना जाँच तथा कोरोना लागे/नलागेको सुनिश्चित गर्नुपर्नेमा बैठकले जोड दिएको छ । नेपाल-भारत जोड्ने निर्माणाधीन बाकुस्थित झोलुङ्गे पुल निर्माणलाई चाँडो सम्पन्न गरी सञ्चालन गर्नुपर्नेमा बैठकमा छलफल भएको छ ।

सीमामा हुने चोरी, तस्करी, लागुऔषध नियन्त्रण, मानव बेचबिखन तथा ओसारपोसार, शङ्कास्पद सूचना आदान-प्रदान गर्नेबारे दुवै देशका सुरक्षा अधिकारीबीच सहमति भएको छ । सीमा क्षेत्रमा नेपाल-भारतका सुरक्षाकर्मीले संयुक्तरूपमा अपराध नियन्त्रणका लागि पेट्रोल गस्ती गर्ने विषयले पनि प्राथमिकता पाएको छ । दोहोरो नागरिकता लिएर बसेका नागरिकमाथि निगरानी गरी कानुनी कारबाही गर्ने विषयमा समेत सहमति बनेको सुरक्षा अधिकारीले जनाएका छन् ।

सीमा सुरक्षा बैठकमा नेपालका तर्फबाट सशस्त्र प्रहरी बल नेपाल नम्बर ४४ गण हेडक्वार्टर दार्चुलाका गणपति नरेन्द्र बम, प्रहरी नायब उपरीक्षक मनोहरप्रसाद भट्ट, सीमा चौकी तथा सशस्त्र प्रहरीका विभिन्न बोर्डर आउट पोष्टका प्रमुखको सहभागिता थियो। भारतका तर्फबाट ५५ बटालियन पिथौरागढका कमान्डेन्ट एसके शर्मा, जोलजीवि थानाका इन्स्पेक्टर प्रदीप कुँवरलगायत सुरक्षाकर्मीको उपस्थिति थियो ।

# प्रधानमन्त्री पत्नी आरजु राणा दिल्लीमा



काठमाडौं । नेपाली काँग्रेसकी केन्द्रीय सदस्य तथा प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी आरजु राणा दिल्लीमा छिन् । काँग्रेसको महाधिवेशनपछि चुनावी नतिजा समेत सकिएपछि उनी दिल्ली लागेकी हुन् ।

उनी भाई भूषण राणाको मुटुको शल्यक्रिया गर्न दिल्ली गएकी हुन । आरजुले दिल्ली बसाईका क्रममा कुनै पनि राजनीतिक भेटघाट नगर्ने भनिएको छ । तर, केही गोप्य भेटहरु भएको बुझिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा पौषको अन्तिम साता भारत भ्रमणमा जाने कार्यक्रम तय भएको छ ।

# नेपालमा कार्यरत भारतीय कामदारको गुनासो सम्बोधन

वीरगञ्ज । 'आजादी का अमृत महोत्सव' विशेष सप्ताह अन्तर्गत, वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासले शनिबार दूतावास परिसरमा कान्सुलर गुनासोका लागि खुला मञ्च Open House for Consular Grievances को आयोजना गरेको छ । खुला मञ्चको अध्यक्षता कन्सुल जनरल नितेश कुमारले गरेका थिए । कार्यक्रमको उद्देश्य नेपालमा बसोबास गर्दै आएका पीडित भारतीय नागरिकहरुको नियमित बाहेकका गुनासोहरुलाई सम्बोधन गर्नु थियो । कार्यक्रममा पर्सा र बाराका कलकारखानामा कार्यरत करिब ३० जना भारतीयका गुनासो सम्बोधन गरिएको थियो ।


नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २



नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतीय नौसेनाद्वारा आईएनएस सुदर्शनी तैनाथ, खाडी मुलुकसँग सामुद्रिक सहयोग सुदृढ हुने

आइतबार रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार खाडी मुलुकमा मित्रवत नौसेनाहरूसँग सामुद्रिक सहयोग सुदृढ गर्ने प्रयासलाई निरन्तरता दिँदै, भारतीय नौसेनाले यस क्षेत्रमा एक महिना समयावधिका लागि आईएनएस सुदर्शनी तैनाथ गरेको थियो । यस अवधिमा यस जहाजले मस्कट, दुबई र बन्दर अब्बासका बन्दरगाहको भ्रमण गरेको थियो । यसका साथै आईएनएस सुदर्शनीले शाही ओमान नौसेना, युएई नौसेना र इस्लामिक गणतन्त्र इरानका नौसेनासँग व्यावसायिक अन्तरक्रिया गरेको थियो ।



आईएनएस सुदर्शनीले नौसेनाहरू बीचको अन्तरसञ्चालन क्षमता बढाउन आरएनओ र आईआरआईसँग द्विपक्षीय सामुद्रिक साझेदारी अभ्यासमा पनि भाग लिएको थियो ।

आईएनएस सुदर्शनीले आफ्नो तैनाथीको क्रममा विभिन्न प्रशिक्षण कार्यक्रम आदानप्रदान गरेको थियो। मन्त्रालय का अनुसार आरएनओ र आईआरआई नौसेना र समुद्री जहाजका प्रशिक्षार्थीहरूलाई पाल तालिम दिइएको थियो ।

बन्दरगाह भ्रमणका क्रममा उच्चस्तरीय प्रतिनिधिमण्डल र भारतीय प्रवासीहरूले जहाजको भ्रमण गरेका थिए । आईएनएस सुदर्शनीका कर्मचारीहरूले उत्कृष्ट अभ्यासहरू साझा गर्न नौसेना प्रतिष्ठानहरू र जहाजहरूको भ्रमण गरेका थिए ।

गोवा जहाज निर्माण लिमिटेड ले आईएनएस सुदर्शनी को निर्माण गरेको हो। यस जहाज ले आफ्नो स्वदेशी जहाज निर्माण क्षमताहरूको प्रदर्शन गरेको थियो र खाडीसँग भारतको ऐतिहासिक सामुद्रिक सम्पर्कहरू पुनः अवलोकन गरेको थियो ।

कमाण्डिङ अफिसरले प्रत्येक बन्दरगाहका वरिष्ठ अधिकारीहरूलाई भेटेर द्विपक्षीय तालिम सहयोग, पाल तालिम र आपसी हितका अन्य क्षेत्रमा छलफल गरेका थिए ।

# ब्रह्मोस विश्वकै उत्कृष्ट र सटीक निर्देशित हतियारः रक्षामन्त्री

रक्षामन्त्री राजनाथ सिंहले ब्रह्मोस सुपरसोनिक क्रुज क्षेप्यास्त्र प्रणालीले निवारकको रूपमा काम गर्ने बताएका छन् । यस सन्दर्भमा उनले आइतबार भने, " हामी आक्रमणकारी होइनौं, तर यदि कुनै राष्ट्र ले शत्रुता का साथ राष्ट्र को विरुद्ध कारबाही गर्छ भने हामी हाम्रा जनताको रक्षा गर्न तयार छौं' रक्षा मन्त्रीले उत्तर प्रदेशको लखनउमा रक्षा अनुसन्धान र विकास संगठन डीआरडीओद्वारा स्थापित रक्षा प्रविधि र परीक्षण केन्द्र र ब्रह्मोस निर्माण केन्द्रको शिलान्यास गरेपछि बोल्दै थिए । सिंहका अनुसार ब्रह्मोस प्रणालीले भारत र रुसबीचको प्राविधिक सहयोग मात्र होइन, लामो समयदेखि चलिरहेको सांस्कृतिक, राजनीतिक र कूटनीतिक सम्बन्धलाई पनि झल्काउँदछ । -इण्डिया न्यूज नेटवर्क

# दिल्लीमा समुदायस्तरमा ओमिक्रोनको संक्रमण फैलियो

काठमाडौं । भारतको राजधानी नयाँ दिल्लीमा समुदायस्तरमा कोरोनाभाइरसको नयाँ भेरियन्ट ओमिक्रोन फैलिरहेको पाइएको छ । दिल्लीका स्वास्थ्यमन्त्री सत्येन्द्र जैनले विदेश यात्रा नगरेका व्यक्तिमा ओमिक्रोनको सङ्क्रमण पुष्टि हुनुले बिस्तारै यो समुदायस्तरमा फैलिरहेको बताएका हुन् । उनले दिल्लीको अस्पतालमा २ सय कोरोना सङ्क्रमित भर्ती छन् । यसमा विदेशमा यात्रा गर्नेहरू पनि छन् । यसमा १०२ जना सङ्क्रमित दिल्लीकै र ९८ जना बाहिरका रहेको उनको भनाइ छ । उनले दिल्लीमा कूल सङ्क्रमितमध्ये ४६ प्रतिशत ओमिक्रोन सङ्क्रमित रहेको जानकारी दिए । पछिल्लो २४ घण्टामा ९२३ जना नयाँ सङ्क्रमित थपिएका छन् । सङ्क्रमण दर बढ्दो क्रममा रहेको उनको भनाइ छ ।

भारतमा कोरोना भाइरसको नयाँ सङ्क्रमितको सङ्ख्या बढेर १३ हजार १५४ पुगेको छ । यसमध्ये ओमिक्रोनबाट सङ्क्रमित ९६१ रहेका छन् । दिल्लीमा मात्र २६३ जना ओमिक्रोनबाट सङ्क्रमित छन् । महाराष्ट्रमा यो सङ्ख्या २५२ रहेका छन् । पछिल्लो दिनमा दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले राज्यमा येलो अलर्ट घोषणा गरेका थिए । यसमा कयौं प्रतिबन्धहरू थप गरिएका छन् । सिनेमा घर, जिम, स्कुल, कलेज आदि बन्द गरिएको छ । तर, जुन दरमा कोरोना सङ्क्रमित बढिरहेका छन्, आगामी दिनमा स्थिति झनै खराब हुने विज्ञहरूले बताएका छन् ।

# दिल्लीमा 'यलो अलर्ट' जारी

काठमाडौं । कोभिड-१९ को नयाँ ओमिक्रोन भेरियन्टका संक्रमित बढ्न थालेपछि भारतको दिल्लीमा थप प्रतिबन्ध लगाइएको छ ।

मंगलबार दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले 'ग्रेडेड रेस्पोन्स एक्शन प्लान' लागू गरिएको जानकारी गराएका छन् । योसँगै दिल्लीमा 'यलो अलर्ट' जारी गरिएको छ ।

'यलो अलर्ट' लागू भएपछि दिल्लीका सबै शैक्षिक संस्था बन्द गरिने भारतीय समाचारमाध्यमले जनाएका छन् । त्यस्तै, विवाह समारोह र दाहसंस्कारमा २० जनाभन्दा बढी भेला हुन पाउने छैनन् भने ५० प्रतिशत क्षमतामा मात्रै दिल्लीका मेट्रो र बस सेवा सञ्चालन गर्नुपर्ने छ ।

यसबाहेक, सिनेमा हल, पार्टी प्यालेस र मनोरञ्जन केन्द्रसमेत बन्द गरिनेछ । ५० प्रतिशत क्षमतामा बिहान ८ बजेदेखि राति १० बजेसम्म रेष्टुरेन्ट सञ्चालन गर्न पाइनेछ । अटो, ई-रिक्सा, ट्याक्सीमा दुईजनाले मात्रै यात्रा गर्न पाउने लगायतका नियम लागू हुनेछन् ।

हालसम्म भारतका २१ राज्यमा ओमिक्रोन भेरियन्ट फैलिएको छ । ओमिक्रोनका संक्रमितमध्ये सबैभन्दा धेरै महाराष्ट्र र दिल्लीमा छन् । महाराष्ट्रमा मंगलबारसम्म १६७ जना र दिल्लीमा १६५ जनामा यो भेरियन्ट पुष्टि भएको छ ।

# भारतको उत्तर प्रदेशमा रात्रिकालीन कर्फ्यू लगाइयो

लखनउ । कोरोना-१९ को नयाँ भेरियन्ट ओमिक्रोन संक्रमण रोक्न भारतको उत्तर प्रदेश सरकारले रात्रिकालीन कर्फ्यू लगाउने घोषणा गरेको छ । यस सम्बन्धमा मुख्यमन्त्री आदित्यनाथले उच्चस्तरीय टोलीलाई निर्देशन दिएका छन् । मुख्यमन्त्री योगीले २५ डिसेम्बरदेखि राज्यमा रात्रिकालीन कर्फ्यू घोषणा गरेका हुन् । भारतमा ओमिक्रोनबाट संक्रमित हुनेको संख्या दुई सय नाघेको छ ।

कर्फ्यू जारी भएपछि विवाह कार्यक्रममा २०० जनाभन्दा बढी सहभागी हुन नपाउने भएका छन् । उनीहरुले कोभिड प्रोटोकलका साथ मात्र जान पाउनेछन् । राति ११ बजेदेखि बिहान ५ बजेसम्म कर्फ्यु लगाइनेछ ।

भारतको विभिन्न राज्यमा कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढ्दो छ । यसका साथै भाइरस संक्रमणबाट बच्न बजारमा 'नो मास्क, नो सामान' भन्ने सन्देशसहित व्यापारीलाई सचेत गराउन निर्देशन दिइएको छ । हरेक मानिसलाई मास्क अनिवार्य बनाएको छ ।

यसका साथै सरकारले देशको कुनै पनि राज्य वा विदेशबाट यूपीको सीमामा आउने प्रत्येक व्यक्तिको ट्रेसिङ-टेस्ट गर्न निर्देशन दिएको छ । यससँगै बस, रेल र विमानस्थलमा थप सतर्कता अपनाउन भनिएको छ ।

यसअघि मध्य प्रदेशको सरकारले राज्यमा रात्रिकालीन कर्फ्यू लगाउने घोषणा गरेको थियो । ओमिक्रोनको सम्भावित लहरलाई ध्यानमा राख्दै, मध्य प्रदेश रात्री कर्फ्यू लगाउने पहिलो राज्य हो । यहाँ पनि राति ११ बजेदेखि बिहान ५ बजेसम्म रात्रि कर्फ्यु जारी छ ।

पशु सेवा विभाग

**राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क
फोन : ०१-५५२२०३१
इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### कांग्रेस प्रदेश २ सभापतिमा यादव विजयी

जनकपुरधाम । नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत प्रदेश नं. २ सभापतिमा कृष्ण यादव विजयी भएका छन् । कृष्ण यादव संस्थापन समूहका उम्मेद्वार थिए । विमलेन्द्र निधि समूहका उम्मेद्वार तथा प्रदेश नं. २ को भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवलाई १ सय ४१ मत अन्तरले पराजित गर्दै कृष्ण विजयी भएका हुन् । कृष्णले ९९६ मत पाए भने उनका प्रतिस्पर्धी राम सरोज यादवले ८५५ मत पाएका छन् । १९ सय ३८ मतदाता मध्ये १८ सय ८१ मत खसेको थियो । ३० मत बदर भएको छ । मतपरिणामको औपचारिक घोषणा हुन भने बाँकी छ । प्रदेश २ को अधिवेशन आन्तरिक विवादका कारण रोकिएको थियो र नेतृत्व चुन्न बिहीबार मात्रै मतदान भएको थियो ।

### एसएसपी सुशील यादव मृत भेटिए

रुपन्देही । नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सुशील यादव शुक्रबार आफ्नै सरकारी निवासभित्र मृत फेला परेका छन् । संघीय प्रहरी इकाई कार्यालय लुम्बिनीका प्रमुख समेत रहेका उनी निवासभित्र झुन्डिएको अवस्थामा फेला परेका हुन् । यादव २०४९ सालमा सेवा प्रवेश गरेका अधिकृत हुन् । ५५ वर्षे उमेर हदका कारण आगामी माघ १५ गते यादवले अवकाश पाउन लागेका थिए । उनको मृत्युको यकिन कारण भने खुलेको छैन । नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्तबहादुर कुँवरले यादव झुण्डिएको अवस्थामा मृत फेला परेको पुष्टि गरेका हुन्। उनले भने, यादवको शव मृत अवस्थामा भेटिएको हो । मृत्युको कारण खुलेको छैन। अहिले छानविन भइरहेको छ। 'उनको मृत्युको यकिन कारण भने खुलेको छैन । यादव नवलपरासी रामग्राम नगरपालिका २ निवासी हुन्।

### प्रहरी कर्मचारीहरू आफ्नो पेशाप्रति गौरवान्वित हुन आवश्यक : प्रहरी महानिरीक्षक

मोरङ । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आफ्नो पेशाप्रति सबै प्रहरी कर्मचारीहरु गौरवान्वित हुन आवश्यक रहेको बताएका छन् । जिल्ला प्रहरी कार्यालय मोरङको सोमबार निरीक्षण भ्रमण पश्चात प्रहरी कर्मचारीहरुलाई निर्देशन दिंदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताएका हुन् । निरीक्षण भ्रमणको क्रममा उहाँले प्रहरी सेवा लिन आएका केही सेवाग्राहीहरुसंग अन्तरक्रिया समेत गरेका थिए । निर्देशनको क्रममा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरी कर्मचारीहरुको आचार संहिता सम्बन्धी कार्यादेश, २०७७ को अक्षरस पालना गर्दै नागरिकमैत्री प्रहरीको अवधारणा अनुसार हरेक क्षेत्रका व्यक्तित्वहरुसंग समन्वय गरी नागरिकलाई छिटो छरितो एवं पारदर्शी प्रहरी सेवा उपलब्ध गराउने कार्यमा दत्तचित्त भएर लागि पर्नुपर्नेमा जोड दिए । शून्य सहनशिलताको अक्षरस पालना गर्दै विविध जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी अनुसन्धान पद्धतीलाई प्रविधिमैत्री बनाउँदै प्रमाण र परिणाममूखी अनुसन्धान पद्धतीबाट आम नागरिकलाई प्रत्याभूत हुने गरी सुरक्षा व्यवस्था मिलाउन पर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले विविध अपराधिक घटनाहरु नियन्त्रणमा बहुआयामिक तरिकाबाट कार्य गर्दै थप सशक्त रुपमा काम कारवाही गर्न निर्देशन दिए । प्रहरी महानिरीक्षक थापा क्षेत्रीले फरार अपराधीहरुको खोजतलास र पक्राउ गर्न, पुराना पेण्डिङ अपराधका मुद्दाहरुलाई प्राथमिकतामा राखी फर्छ्यौट गर्न र हिरासत व्यवस्थापन, लागूऔषध ओसारपसार रोकथाम तथा नियन्त्रण गर्न र महिला तथा बालबालिका माथि हुने हरेक घटनालाई गम्भीरतापूर्वक लिई त्यसतर्फ विशेष ध्यान केन्द्रीत हुन समेत निर्देशन दिए । कुनै पनि नागरिकलाई बिना झंझट प्रहरी सेवा प्राप्त गर्ने वातावारण बनाउने, नागरिक सहायता कक्षलाई अझ प्रभावकारी बनाउन, कन्ट्रोलमा खटिने प्रहरी कर्मचारीहरुले नागरिकहरुसंग शिष्ट व्यवहार गर्नु पर्नेमा समेत उनले निर्देशन दिए । कोभिड-१९ को प्रभाव पुन दोहोरीन सक्नेतर्फ बिशेष ध्यान दिँदै उक्त महामारीको रोकथाम तथा नियन्त्रणको लागि बिशेष ध्यान दिई प्रहरी परिचालन गर्न समेत उनले उपस्थित प्रहरी कर्माचारीहरुलाई निर्देशन दिए । सोही अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसंग जिल्लाको समग्र सुरक्षा व्यवस्था र हालको अवस्थाको बारेमा छलफल तथा अन्तरक्रिया समेत गरेका थिए ।

### एकै परिवारका ४ जना मृत र ३ जना बेहोस फेला

बाँके । नेपालगंज उपमहानगरपालिका-१० स्थित भेरी अस्पतालको स्टोर कोठामा सुतेका सोही अस्पतालमा कार्यरत कार्यालय सहयोगी धन प्रसाद भट्टराई र उनका परिवारका अन्य ३ जना गरी ४ जना बिहीबार बिहान सुतेकै ठाउँमा मृत अवस्थामा फेला परेका छन् । धन प्रसाद समेत उनका ७ जनाको परिवार उक्त कोठामा सुतेकोमा ४ जना मृत अवस्थामा र ३ जना बेहोस अवस्थामा फेला परेका हुन् । घटनाको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उक्त कोठामा उनीहरू झ्याल बन्द गरी टिनको डिब्बामा कोइला बाली सुतेको अवस्थामा फेला पारेको थियो । बेहोस भएका ३ जनामध्ये २ जनाको अवस्थामा गम्भीर रहेको छ ।

### चोरीपैठारीको सामान बरामद

रौतहट । जिल्लाको राजदेवी नगरपालिका ७ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव ३ लाख ७४ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा तथा सुर्ती बरामद गरेको छ । भारतबाट अवैध रुपले ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गणले बरामद गरेको हो । यसैगरी सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ गण झापाले पौष ११ गते करीव २ लाख ६९ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा, किराना सामान तथा सुर्ती बरामद गरेको छ । भन्सार छली ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरीले झापा जिल्लाको झापा गाउँपालिका ५ स्थित सीमा ईलाकाबाट बरामद गरेको हो ।

### मोटरसाइकलको ठक्करबा पैदलयात्रीको मृत्यु

कपिलवस्तु । कृष्णनगर नगरपालिका-१ स्थित सडकमा युपि५५के ०४८० नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-१ मडाहा बस्ने ६५ वर्षीया सरस्वती अहिरको आइतबार दिउँसो मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको शिबराज अस्पताल बहादुरगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ ।



# चित्रकलामार्फत् सुमनले उठाए मिथिलाको समकालीन मुद्दा

काठमाडौँ । कलाकार तथा चित्रकार एससी सुमन (सुबोधचन्द्र दास) को एकल चित्रकला प्रदर्शनी राजधानीमा जारी छ ।

बबरमलस्थित सिद्वार्थ आर्ट ग्यालरीमा सुमनको एकल चित्रकला प्रदर्शनी लिएर उभिएका छन् । दुई दर्जनभन्दा बढी मिथिला चित्रमा उनले सत्ययुगदेखि कलियुगसम्मको मान्यता राख्ने धार्मिक तथा सामाजिक पक्षसँग जोडिएको समयको चक्रलाई चित्रण गरेका छन् । विशेष गरी मिथिला तथा अन्य समाजको समकालीन मुद्दालाई उठान गर्दै आएका छन् । उनका चित्रहरुमा मिथिला समाजको लोक परम्परा, धर्म, संस्कृतिसँगै काठमाडौँ तथा सिंगो प्रकृतिमाथि भएका अतिक्रमण कथा छन् ।



उनले चित्रहरुमा समयसँगै मिथिला समाजमा परापूर्वकादेखि नै चल्दै आएका धर्म संस्कारलाई उतारेका छन् । छठ, गौरी, गणेश, पूजा, दशमी मेला, कोहबर घरलगायतको मैथिल समाजको धार्मिक तथा सांस्कृतिक पक्षलाई उनले चित्रमा उठान गरेका छन् ।

# बलिउड गायक झा मिथिला रत्नबाट सम्मानित

काठमाडौं । भारतका पूर्वप्रधानमन्त्री तथा भारत रत्न अटलविहारी बाजपेयीको सम्मानमा स्थापित 'मिथिला रत्न'बाट बलिउड गायक आदित्यनारायण झा सम्मानित भएका छन् । भारतमा अटल 'मिथिला रत्न' सम्मानको परम्परा सन् २०१६बाट सुरु भएको हो । यसको चौथो संस्करणमा बलिउड गायक झासहित भारतका चर्चित टेलिभिजन पत्रकार रजत शर्मालाई सम्मान गरिएको हो । त्यस अवसरमा भारतीय लोकसभाका सभामुख ओम विरला, भारतीय राज्यसभामा पूर्व सदस्य प्रभात झा, बिहार दरभंगाका सांसद गोपालजी ठाकुर, भारतयि सुप्रसिद्ध गायक उदितनारायण झा, बलिउडकी पार्श्व गायिका पलक मुच्छलसहितको उपस्थिति थियो । यसैबीच बलिउड गायक आदित्यनारायण झाले सामाजिक सञ्जालमा विश्वका विभिन्न भागमा रहेका मिथिलाका साथीहरू र अन्य धेरै कुशल मैथिलहरूका साथमा यो प्रतिष्ठित मिथिला रत्नबाट



सम्मानित हुन पाउँदा गौरवान्वित भएको बताएका छन् । उनले भनेका छन्, 'भारतीय लोकसभाका सभामुख ओम बिरला, भारतीय संसदका साथै मित्रहरु उपेन्द्र महतो (नेपाल) र रतन झा (अमेरिका) संगै चर्चित पत्रकार रजत शर्मा र बलिउडका प्रतिष्ठित गायक उदितनारायण झालाई भेट्न पाउनु आफनो लागि स्मरणीय रहेको छ ।' मिथिला समृद्ध सांस्कृतिक र पुरातन प्रमुख केन्द्र भए पनि मेरो जन्मभूमि मिथिला आज अव्यवस्थित क्षेत्र र आर्थिक रूपमा निकै पिछडिएको गायक झाले भनेका छन् । अटल मिथिला पाउन्डेसनका संस्थापक प्रदीप कुमार झा र उनका साथीहरु (निर्मल प्रकाश र पंकज झाद्वारा अत्यन्तै कुशलतापूर्वक आयोजना गरिएको कार्यक्रमले 'ग्लोबल मैथिल' र 'फ्रेन्ड्स अफ मिथिला'को विशाल उपलब्धि र सम्भावनालाई प्रकाश पारेको पनि गायक झाले सामाजिक सञ्जालमा उल्लेख गरेका छन् । पूर्वप्रधानमन्त्री बाजपेयीको मिथिला र मैथिली भाषाको लागि अतुलनीय योगदानको लागि उनले कृतज्ञता पनि प्रकट गरेका छन् ।

# अपाङ्गता भएका व्यक्तिहरूको कल्याणका विषयमा छलफल

काठमाडौं । बुझाउन वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासले भारतको 'आजादी का अमृत महोत्सव' विशेष सप्ताह अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको मर्यादा, अधिकार र कल्याणका लागि छलफल गरेको छ । अपाङ्गताका समस्याहरू बुझ्ने प्रवर्द्धन र सहयोग परिचालनको आवश्यकतालाई बुझाउन वाणिज्य दूतावासको परिसरमा 'दिव्यांगता: कानूनी प्रावधान र सामाजिक मानदण्ड' शीर्षकमा प्यानल छलफल गरिएको हो । प्यानलमा छलफलमा रोटरी क्लब अफ वीरगञ्जका सदस्य अभिषेक चौधरी, डा आनन्द झा, बालरोग विशेषज्ञ एवम् रोटरी क्लब अफ वीरगञ्जका सदस्य, डा. शास्वत प्रसाद, अर्थोपेडिक सर्जन एवम् वीरगन्जको रोटरी लिम्ब प्रोजेक्टका प्रमुख श्रीकृष्ण जी, रक्सौल सुन्दरपुरको लिटिल फ्लावर कुष्ठरोग कल्याणकारी संघका सचिव जोन थो, रक्सौलमा डंकन अस्पतालको सामुदायिक पुनस्थापना परियोजनाका इन्चार्ज, वीरगन्जको मानव सेवा आश्रमका संयोजक सुश्री सानु गुरुङ र भारतका कन्सुल जनरल श्री नितेश कुमारसहित महावाणिज्य दूतावासका अधिकृत तथा अन्य सदस्यहरुको छलफलमा उपस्थिति थियो । प्यानलका सदस्यहरूले नेपाल-भारत सीमा क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको उपचार, पुनर्स्थापना र कल्याणमा काम गरिरहेको भूमिकामा प्रकाश पारेका थिए । उनीहरुले अपाङ्गता भएका व्यक्तिलाई समान अधिकार र अवसर सुनिश्चित गर्नका लागि सरकारले बनाएका विभिन्न ऐन-नियमका बारेमा पनि जानकारी दिए । महावाणिज्य दूतावासका कन्सुल जनरल नितेश कुमारले यस विषयमा आफ्नो भिन्न र जानकारीमूलक विचारका लागि सहभागीहरूलाई धन्यवाद ज्ञापन दिए भने अपाङ्गता भएका व्यक्तिहरूका लागि भारत सरकारका अपाङ्गता पहिचान जारी गर्ने लगायत विभिन्न कार्यक्रम तथा योजनाहरू बारे प्रकाश पारे । उनले विश्वका विभिन्न स्थानमा रहेका असंख्य अपाङ्गता भएका व्यक्तिले कडा परिश्रम र इच्छाशक्तिद्वारा मानसिक तथा शारीरिक अपाङ्गतालाई सफलतापूर्वक पार गरेको बताए ।

# कांग्रेसलाई...

आफ्नो पनि ठाउँ बनाउन चाहिरहेका छन् ।

राउतले किसानका मुद्दा उठाउनु जायज हो तर त्यसलाई शान्तिपूर्ण रुपमा पनि उठाउन सकिन्छ । राउत र उनका कार्यकर्ताले किसानका माग जुन तरिकाले उठाएका छन्, त्यसले न किसानको माग पूरा हुन्छ, न राउतको आकांक्षा नै पूरा हुन्छ ।

जनमत पार्टीले किसानको नाममा मधेशमा आन्दोलन चर्काउन खोजिरहेको छ । यसअघि जनकपुरमा नेपाल खानेपानी संस्थान जनकपुरका निमित्त प्रमुखलाई कालोमोसो दलेर कुटपिट गर्दा सीकेका नेता तथा कार्यकर्ताहरु पक्राउ परेका थिए । सोही निहुँमा जनमत पार्टीले मधेशभर आन्दोलन गरेको थियो । अहिले औरही गाउँपालिकाका घटनाका कारण जनमत पार्टीले आन्दोलनलाई चर्काइ रहेको छ ।

जनमत पार्टीले पछिल्लो केही समय यतादेखि भ्रष्टाचार विरुद्धको आन्दोलन गर्दै आइरहेको र भविष्यमा पनि गरिरहने जनाएको छ । आफूलाई अहिंसक आन्दोलनकारी बताउने सिके राउतका कार्यकर्ताहरुले अभियानकै रुपमा चलाएको भ्रष्टाचार विरुद्धको प्रत्येक जुलुशमा लाठी भाटासहित अराजक शैलीमा प्रस्तुत हुन्छन् ।

गत असोज १८ गते जनमत पार्टीका नेता कार्यकर्ताहरुले जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयमा तोडफोड गरेका थिए । त्यहाँ पनि जनमत पार्टीका नेता कार्यकर्ताहरु लाठी भाटासहित नै पुगेका थिए । नगर प्रमुख तथा उपप्रमुख मध्ये कोही नभेटिएपछि लाठी भाटासहित पुगेका जनमत पार्टीका कार्यकर्ताहरुले उपमहानगर भित्र रहेको न्यायिक समितिको कार्यालयमा तोडफोड गरेका थिए ।

जनमत पार्टीका कार्यकर्ताहरुले पछिल्लो समय देखाएको चरित्र कुनै प्रजातान्त्रिक दलको नेता वा कार्यकर्ताको हुनै नसक्ने कतिपयको विश्लेषण छ ।

राउतले आफूलाई 'गान्धीवादी' बताउने गरे मधेशमा उनको पार्टी र कार्यकर्ताहरुले गर्ने गतिविधिमा गान्धीवादीको छनक पाइँदैन । राउतका पछिल्ला अभिव्यक्तिले समेत हिंसालाई प्रोत्साहन गरेको पाइन्छ । उनले कार्यकर्तालाई उत्तेजित तुल्याएर सडकमा तोडफोड र आगजनीका लागि परिचालन गराउन थालेका छन् । पार्टीका कार्यकर्ताहरु आन्दोलनका क्रममा सडकमा निस्किँदा कुनै युद्धका लागि निस्केझैं देखिने गरेका छन् ।

राउतले किसानको नाममा गरेको आन्दोलनलाई जसरी पनि चुनावसम्म लैजाने दाउमा छन् । किनभने राउतको पार्टीले यसअघि चुनावमा जमानत पनि जोगाउन सकेको थिएन । उनका लागि चुनाव अब प्रतिष्ठाको विषय बनेको छ । चुनाव जित्ने आधार नभएपनि जनमत बटुल्ने उनको रणनीति छ ।

राजनीतिक दलहरुसँग शान्तिपूर्ण रुपले आफ्ना एजेण्डा राखेर आन्दोलन गर्ने छुट पक्कै छ । जनमत पार्टीले उठाएका केही एजेण्डाहरु जनपक्षीय पनि देखिएका छन् तर ती एजेण्डा कार्यान्वयन गराउन हिंसामा उत्रनुलाई कुनै पनि कोणबाट न्यायोचित मान्न सकिँदैन । नेपाली समाजले हिंसा र उदण्डताको दुष्चक्र भोगेको छ । समाजले अब हिंसा उदण्डता सहन सक्दैन । हिंसाबाट राजनीति एजेण्डा स्थापित गराउन सकिँदैन । अहिले सिके राउतले पुरानो र काम नलाग्ने सूत्र उपयोगमा ल्याएका छन् । जुन सर्वथा गलत छ । अराजतकताको बाटोबाट राजनीतिक दल स्थापित हुन सक्दैन । अतः सिके राउतहरुले अहिले लिएको बाटो तत्काल छाड्नुपर्छ ।

# मिथिला चित्रकलामा दिगो विकास लक्ष्य चित्रण भएको हुलाक टिकट जारी



काठमाडौं । फिलाटेलिक र हुलाक टिकट व्यवस्थापनको इतिहासमा पहिलो पटक नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिथिला चित्रकलामा दिगो विकास लक्ष्य (एसडीजी)हरु चित्रण भएको १७ वटा हुलाक टिकट जारी गरेको छ । मन्त्रालयमा आयोजित हुलाक टिकटको प्रथम दिवसीय आवरण टाँचा प्रदान कार्यक्रम २०७८ विशेष समारोहमा, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की , सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याल र हुलाक सेवा विभागका महानिर्देशक इन्दु घिमिरेले ''मिथिलामा एसडीजीहरु' शीर्षकका साथै अन्य १४ हुलाक टिकटहरु औपचारिक रुपमा सार्वजनिक गरेका छन् ।

समारोहमा र नेपालस्थित संयुक्त राष्ट्रसङ्घका कार्यवाहक आवासीय संयोजक रोबर्ट कास्का सहभागी थिए । सो अवसरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री कार्कीले भने, "एसडीजी हुलाक टिकटले एसडीजी हासिल गर्नेतर्फ नेपालको प्रतिबद्धतालाई पुनः जोड दिँदै नेपाली कला क्षेत्रप्रति सचेतना पनि अभिवृद्धि गर्नेछ ।"

हुलाक टिकटका रुपमा जारी भएको मिथिला चित्रकलामा दिगो विकास लक्ष्यहरुको मूल सिर्जना जनकपुरका स्थानीय महिला कलाकारहरुले वि.सं. २०७१ मा गरेका हुन्, जुन कार्य नेपालस्थित संयुक्त राष्ट्रसङ्घ र जनकपुर महिला विकास केन्द्रबीचको सहकार्यमा भएको थियो ।

कार्यवाहक राष्ट्रसङ्घीय आवासीय संयोजक रोर्बट कास्काले भने, "एसडीजी हुलाक टिकट जारी हुने कार्यले नेपालमा दिगो विकास लक्ष्यहरुलाई स्थानियकरण गर्ने संयुक्त राष्ट्रसङ्घको प्रयासमाथि प्रकाश पार्नुका साथै दिगो विकास लक्ष्यहरुलाई सन् २०३० भित्र हासिल गरिसक्ने नेपालको प्रतिबद्धता र तत्परतालाई प्रतिबिम्वत गर्दछ । यससम्बन्धमा प्रगतिलाई द्रुत गति प्रदान गर्ने नेपाल सरकारको प्रयासहरुलाई नेपालस्थित संयुक्त राष्ट्रसङ्घ सराहना गर्दछ।"

दिगो विकास लक्ष्यहरु सबैका लागि पहुँचयुक्त र बुझ्न सकिने बनाउनका लागि स्वदेशी कला प्रयोग गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको आवासीय संयोजकको कार्यालयले १७ वटा एसडीजी प्रतिकचिन्हरुलाई स्थानीय कलामार्फत स्थानियकरण गर्ने कार्यको थालनी गरेको छ । मिथिला कलामा १७ वटा एसडीजी प्रतिकचिन्हहरुको सिर्जना पछि ती चित्रकलाहरु न्यूर्योकस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले सन् २०१९ मा आयोजना गरेको 'एसडीजीहरुका लागि कला: मिथिला सम्पदा' शीर्षकको प्रदर्शनीमा र न्यूर्योकस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजित मिथिला महोत्सवमा पनि सहभागी गराइएको थियो ।

# आर्थिक उत्पादनमा भारतले फ्रान्स र बेलायतलाई उछिन्ने

**काठमाडौं ।** विश्वकै एक नम्बरको अर्थतन्त्र भएको देश बनेर अमेरिकालाई उछिन्न चीनलाई अझै केही समय लाग्ने एउटा पछिल्लो अध्ययनले देखाएको छ । बेलायतको कन्सलटेन्सी सिवरले गरेको अध्ययनमा सन् २०३० पछि मात्र चीन विश्वकै सबैभन्दा ठूलो अर्थतन्त्र भएको देश बन्नेछ ।

आर्थिक उत्पादनका दृष्टिले भारतले आगामी वर्षमा फ्रान्सलाई र दुई वर्षपछि बेलायतलाई उछिनेर विश्वकै छैटौ ठूलो अर्थतन्त्र भएको देश बन्ने अध्ययनमा जनाइएको छ । 'सन् २०२० को दशकमा मुद्रास्फीतीसँग विश्वको अर्थतन्त्रले कसरी सामना गर्छ भन्ने महत्वपूर्ण विषय हो,' सिवरका उपाध्यक्ष डोगलास म्याकविलियमले भने ।

प्रतिवेदनअनुसार आर्थिक उत्पादनका दृष्टिले जर्मनीले सन् २०३३ मा जापानलाई उछिन्नेछ । त्यसैगरी, सन् २०३६ सम्ममा रसिया विश्वकै १० ठूला शक्तिशाली अर्थतन्त्र भएका देशहरुको सूचीमा रहनेछ भने सन् २०३४ मा इन्डोनेसिया नवौं स्थानमा रहनेछ ।

गत वर्ष वर्ल्ड इकोनोमिक लिग टेबुलले प्रकाशित गरेको एक अध्ययनमा सन् २०२८ मा चीन विश्वकै सर्वाधिक शक्तिशाली अर्थतन्त्र देश हुने जनाइएको थियो । आगामी वर्ष विश्वको आर्थिक उत्पादन १०० खर्ब डलर बराबर हुने अध्यनमा जनाइएको छ ।

# बलिउड निर्माता गिलानी रहेनन्

काठमाडौं । बलिउड निर्माता विजय गिलानीको निधन भएको छ । क्यान्सरबाट बुधबार लण्डनमा उनको नधन भएको हो । गिलानीको निधनको पुष्टि गर्दै बलिउड निर्माता अनिल शर्माले भनेका छन्, 'विजयको निधनको खबरले म निकै दुःखी छु । उहाँ धेरै राम्रो हुनुहुन्थ्यो ।' अनिल शर्माले विजय गिलानीसँग फिल्म वीरमा निर्देशकको रूपमा काम गरेका थिए । गिलानी बलिउडका चर्चित निर्माता हुन् । जसले सलमान खान अभिनित फिल्म 'वीर' र 'सूर्यवंशी' जस्ता फिल्म निर्माण गरेका छन् । रिपोर्टका अनुसार गिलानीलाई ब्लड क्यान्सर थियो । उपचारका लागि उनी लन्डन गएका थिए । क्यान्सरसँग लड्दै गर्दै बुधबार उनी यो संसारबाट बिदा भएका हुन् । विजय गिलानी लामो समयदेखि बलिउडमा काम गरिरहेका थिए । आफ्नो करियरमा गिलानीले धेरै सुपरहिट फिल्म बनाए । यसबाहेक उनले अक्षय कुमार, बबी देओल, करीना कपूर, गोविन्दा, विद्युत जामवाल र मनिषा कोइरालाजस्ता चर्चित कलाकारहरूसँग काम गरेका थिए ।

## आर्थिक समाचार

# बीमा शुल्क संकलनमा नेपाल लाइफको अग्रता

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

काठमाडौं । मंसिर महिनाको प्रथम बीमा शुल्क संकलनमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले अग्रता लिएको छ । पछिल्लो समय निरन्तर रुपमा एकपछि अर्को अब्बलता हासिल गर्न सफल बनेको नेपाल लाइफले मंसिर महिनाको प्रथम बीमा शुल्क संकलनमा समेत फड्को मार्दै सबैभन्दा धेरै प्रथम बीमा शुल्क आर्जन गर्न सफल भएको हो । कम्पनीले आर्थिक वर्षको पहिलो पाँच महिना अर्थात मंसिर अन्त्यसम्मको अवधिमा २ अर्ब ९८ करोड रुपैयाँ प्रथम बीमा शुल्क आर्जन गर्न सफल भएको छ । आगामी दिनमा यसलाई अरु बढाउने योजनाका साथ काम गरेको कम्पनीले जनाएको छ । जीवन बीमाको क्षेत्रमा नेपाल लाइफ देशकै नं १ कम्पनी हो । कम्पनीले पत्रपत्रिका, आफ्ना सामाजिक सञ्जाललगायत सञ्चार माध्याममार्फत "नेपालकै नं १"अभियान सार्वजनिक गरी तथ्य परक प्रमाणहरु प्रस्तुत गर्दै एउटा अभियान नै सञ्चालन गर्यो । जुन अभियान (क्याम्पियन) ले समेत बजारमा सकारात्मक प्रभाव पारेको छ । जीवन बीमाको विश्वसनीयता तथा जीवन बीमामा आकर्षण बढाउने उद्देश्यका साथ कम्पनीले पुष ६ गते देखि "नेपालकै नं. १"अभियान सार्वजनिक गरेको थियो । कम्पनीका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत सुशिलकुमार चौधरीले अभियानमार्फत कम्पनीलाई यस उचाइँसम्म पुर्‍याउन सकिएको जानकारी दिए । हरेक सुचकको अब्बलतालाई कायम गर्दै नेपाल लाइफ अगाडि बढ्दै आएको छ । जसलाई कम्पनीको समग्र वित्तीय सूचकले समेत प्रष्ट पार्दछ । आ.व. २०७८/७९ को पहिलो त्रैमास अन्त्यसम्म कम्पनीसँगरु ११८.७६ अर्बको सर्वाधिक जीवन बीमा कोष, २९ लाख ८३ हजार १६ सर्वाधिक बीमालेख जारी, रु ४०.५० अर्बको सर्वाधिक दावी भुक्तानी, रु७.१९अर्बको सर्वाधिक चुक्ता पुँजी रहेको छ । साथै अधिकांश सुचकांकले नेपाल लाइफ जीवन बीमा क्षेत्रमा अब्बल सावित भएको कम्पनीले जनाएको छ ।

# ग्लोबल आइएमईको निःशुल्क स्वास्थ्य शिविर

काठमाडौं, १२ पुस । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १५औं वार्षिकोत्सवको उपलक्ष्यमा महिला सशक्तीकरणको प्रयास स्वरुप मेरी उनीलाई स्वस्थ नारी पहल अभियान सञ्चालन गरेको छ । सोमबारदेखि पुस १७ गते शनिबारसम्म सञ्चालन हुने कार्यक्रमअन्तर्गत बैंकले सातवटै प्रदेशमा एकदिने निःशुल्क महिला स्वास्थ्य शिविरको सञ्चालन गर्नेछ । शिविरमा महिलाहरुको स्वास्थ्य परिक्षण, औषधी वितरण तथा भीआईए जाँच लगायतका सेवाहरु निशुल्करुपमा उपलब्ध हुनेछन् । नेपाल परिवार नियोजन संघसँगको समन्वयमा हुने यस कार्यक्रमअन्तर्गत, कर्णाली प्रदेशको कुनाथरी स्वास्थ्य चौकी, बराहताल, सुर्खेतमा पुस १२ गते, प्रदेश १ को देवानगञ्ज स्वास्थ्य चौकी, देवानगञ्ज, सुनसरीमा पुस १४ गते, प्रदेश २ को प्राथमिक उपचार केन्द्र, गौशाला, महोत्तरीमा पुस १५ गते, लुम्बिनी प्रदेशको जलजला अस्पताल तथा अनुसन्धान केन्द्र थवाङ्ग, रोल्पामा पुस १६ गते र सुदूरपश्चिम प्रदेशको श्रीकोट स्वास्थ्य चौकी, दोगडाकेदार, बैतडीमा पुस १६ गते, वागमती प्रदेशको पारच्याङ स्वास्थ्य चौकी, नौकुण्ड रसुवामा पुस १७ गते र गण्डकी प्रदेशको नौथर शेरा सामुदायिक स्वास्थ्य इकाई भवन, दोर्दी, लमजुङमा पुस १७ गते निशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन हुनेछन् । यस अघि बैंकले महिलालाई आर्थिकरुपमा सशक्त बनाउनका लागि मेरी उनीलाई मुद्धती बचत खाता संचालनमा ल्याएको छ । मेरी उनीलाई स्वस्थ नारी पहलअन्तर्गत महिलालाई शारीरिकरुपमा सशक्त बनाउने बैंकको यो अर्को महत्वपूर्ण प्रयास रहेको बैंकले जनाएको छ । स्वास्थ्य शिविर ग्रामीण तथा अर्ध शहरी क्षेत्रका स्वास्थ्य सेवाको पहुँच नभएका महिला तथा बालिकाहरुका निम्ति प्रभावकारी हुने र महिलाहरुमा सकारात्मक प्रभाव पार्ने विश्वास बैकले लिएको छ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न संघ-संस्थासँगको समन्वयमा विपन्न तथा पिछडिएका महिलाहरुको स्वास्थ तथा अन्य सरोकारका विषयसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु गर्दै आएको छ ।


ज्येष्ठ नागरिकको सम्मान गरौं,
सभ्यताको परिचय दिऔं ।

➢ जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
➢ जेष्ठ नागरिकसाग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
➢ घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं